वर्ष : २०, अंक : १४, काठमाडौं, २०८१ साउन ३२ गते शुक्रबार, 16 August, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## ‘बहुलराष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति’

# विशाल समिति घोषणाको तयारीमा महतो

**मधेशवाणी डेस्क**

काठमाडौं । स्वदेशवाद र बहुलराष्ट्रिय राज्य स्थापनार्थ पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले गठन गरेको राष्ट्रिय मुक्ति क्रान्ति एउटा विशाल संगठनको तयारीमा जुटेका छन् । महतोले राजनीतिक दल पनि गठन गर्ने चर्चाबीच यही हप्ताको अन्त्यतिर विशाल समिति गठन गर्ने गृहकार्यमा लागेको बुझिएको छ । महतोले राष्ट्रिय समिति, महासमिति लगायतका सांगठनिक संरचना निर्माणका लागि अन्तिम चरणमा पुगिएको राष्ट्रिय मुक्ति क्रान्तिका एक नेताले मधेशवाणीलाई जानकारी दिएका छन् ।



राष्ट्रिय मुक्ति क्रान्तिका नेता रामकिशोर सिंहका अनुसार राष्ट्रिय मुक्ति क्रान्तिले हालै देशव्यापीरुपमा भएका १०१ कार्यक्रमबाट आमजनताले महतोको नेतृत्वमा एउटा वैकल्पिक राजनीतिक शक्तिको चाहना गरेका छन् । सोहीअनुसार देशभरिका नेता कार्यकर्तालाई समेटेर राष्ट्रिय मुक्ति क्रान्तिको विशाल समिति घोषणा हुन लागेको सिंह बताउँछन् । राष्ट्रिय मुक्ति क्रान्ति तत्काल राजनीतिक दलकै रुपमा नभए पनि देश र जनताको चाहना र आवश्यकताअनुसार पार्टीको रुपमा पनि भविष्यमा आउनसक्ने नेताहरु बताउँछन् ।

राष्ट्रिय मुक्ति क्रान्तिप्रति जनताको विश्वास बढ्न थालेको भन्दै नेता सिंहले भने, ‘हामीले देशभरि जनताका बीचमा हामीप्रति जनताको आकांक्षा र चाहना बढेको छ । जनताले अब विकल्पको रुपमा राष्ट्रिय मुक्ति क्रान्तिलाई मात्रै हेरिरहेका छन् ।’ तत्काल राष्ट्रिय मुक्ति क्रान्तिमा जनताहरुलाई जिम्मेवारी दिएर संघर्षका कार्यक्रमहरु अगाडि बढाइने र औचित्य र आवश्यकताको आधारमा दलको पनि घोषणा हुनसक्ने नेताहरु बताउँछन् ।

राष्ट्रिय मुक्ति क्रान्तिका नेता सन्तोष मेहताका अनुसार समितिको नाम लगभग टुंगो लागिसकेको र नेता कार्यकर्ताहरुको नामावली पनि तयार भइरहेकोले छिट्टै नै एउटा संरचना निर्माण भई घोषणा हुने बताए । उनका अनुसार राष्ट्रियसभा, राष्ट्रिय समिति, महासभा, बहुल राष्ट्रिय सभा लगायतका नामबारे घनिभूतरुपमा छलफल भइरहेको छ ।

राष्ट्रिय मुक्ति क्रान्ति घोषणा गर्दा राजेन्द्र महतोलाई मात्र संयोजक बनाइएको थियो । अरू सबै साधारण सदस्य थिए । अब संयोजकसहित विशाल समितिहरु घोषणा हुन लागेको हो । राष्ट्रिय मुक्ति क्रान्तिमा संयोजकबाहेक अरू सबै सदस्य रहने कुरामा सहमति जुटिसकेको बताएका हुन् । अन्य पदहरू भने सिर्जना नगर्ने नेता मेहताले बताए । सो समिति अन्तर्गत विभिन्न ५५ वटा परिषद्हरू रहनेछन् । ती परिषद्को पनि संयोजक मात्र रहने छन् भने बाँकी सबै सदस्य रहने राष्ट्रिय मुक्ति क्रान्तिले जनाएको छ ।

त्यसबाहेक सोही समितिबाट भूगोल कमान्ड, ब्युरो, विशेष ब्युरो तथा भातृ सङ्गठनहरूको संयोजक बनाउने तयारी रहेको छ । भूगोल कमान्ड, ब्युरो, विशेष ब्युरो, भातृ सङ्गठनमा पनि एक-एक जना मात्र संयोजक रहने अरू सबै सदस्यमा रहने नेता मेहताले बताए । यही समितिले एउटा गोलमेच सम्मेलनको आयोजना गरी कार्तिक मसान्तसम्म एउटा पार्टी निर्माण गर्ने राष्ट्रिय मुक्ति क्रान्तिले जनाएको छ । पार्टी बने पनि राष्ट्रिय मुक्ति क्रान्ति एउटा अभियानको रूपमा रहिरहने बताइएको छ ।

यता, राष्ट्रिय मुक्ति क्रान्तिले आफ्नो आगामी रणनीतिबारे पनि छलफल गरिरहेको छ । राष्ट्रिय मुक्ति क्रान्ति मधेशकेन्द्रित मात्र नभई देशव्यापीरुपमा विस्तार भइरहेको जनाइएको छ ।

## काठमाडौंमा मनाइयो भारतको स्वतन्त्रता दिवस



काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले भारतको ७८ औं स्वतन्त्रता दिवस मनाएको छ । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै सो समारोहको शुभारम्भ भएको थियो । तत्पश्चात कार्यक्रममा भारतका राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो ।

राष्ट्रपतिको उक्त सन्देशमा विगत ७७ वर्षमा विभिन्न क्षेत्रमा भएको प्रगतिमाथि प्रकाश पारिएको थियो र भारतको स्वतन्त्रताका लागि आफ्नो जीवन बलिदान दिने स्वतन्त्रता सेनानीहरुलाई श्रद्धान्जली अर्पण गरिएको थियो ।

सो अवसरमा राजदूत श्रीवास्तवले भारतीय सशस्त्र बलका मृतक गोर्खा सैनिकका श्रीमती र निकटतम नातेदारलाई नेरु. ५.५० करोड र कम्बल वितरण गरी सम्मान गरेका थिए । साथै भारतीय सशस्त्र बलका मृतक सैनिकका श्रीमती एवम् १०७ मृतक सदस्यका निकटतम नातेदारहरुका लागि नेरु १२.५५ करोड भुक्तानी दिइएको छ । यस भुक्तानीमा आर्मी ग्रुप इन्स्योरेन्स (एजीआई) कार्यक्रम अन्तर्गत वर्ष २०२४ का लागि डेथ-इन-सर्भिस, एक्सटेन्डेड इन्स्योरेन्स र एजीआई परिपक्वता भुक्तानी लगायतका लाभहरु समावेश छन् ।

दूतावासले नेपालका पाँच प्रदेशका २१ वटा शैक्षिक संस्था र पुस्तकालयका लागि पुस्तक अनुदानको पनि घोषणा गरेको छ । यस पहलले प्राप्त अनुरोधको प्रत्युत्तरमा दुर्गम क्षेत्रका विद्यार्थीका लागि शैक्षिक सामग्रीमा पहुँच बढाउने लक्ष्य राखेको छ ।

दूतावासका अधिकारी तथा उनीहरुका परिवारका अलावा नेपालमा रहनुभएका भारतीय समुदायका सदस्य तथा भारतका मित्रहरुले भारतको ७८ औं स्वतन्त्रता दिवसको उत्सवमा सहभागीता जनाएका थिए । कार्यक्रममा दूतावासको स्वामी विवेकानन्द साँस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय, काठमाडौंका शिक्षक तथा विद्यार्थीले देशभक्ति गीत र नृत्य प्रस्तुत गरेका थिए । सो कार्यक्रम दूतावासको सोसल मिडिया ह्यान्डलहरुमा प्रत्यक्ष प्रसारण गरिएको थियो ।

# जसपा नेपाल संगठन निर्माणका लागि जनअभियानमा होमिने

ललितपुर । जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समितिको चारदिने बैठक बुधबार सम्पन्न भएको छ ।

बैठकले निकै महत्त्वपूर्ण एजेन्डाहरु राजनीतिक, साङ्गठनिक एवं समसामयिक बिषयहरुबारे निर्णयहरु गरेको छ । सदन र सडकमा बलियो दख्खल राख्दै संगठन निर्माणका लागि जनअभियानमा होमिने केन्द्रीय समिति बैठकको निर्णय जनाइएको छ ।

जसपा नेपालको पाँच लाख क्रियाशील सदस्य पुर्याउने गरी केन्द्रीय सदस्य बैठकले पार्टीको लक्ष्य र कार्यदिशा निर्धारण गरेको हो ।



आगामी २०८४ को निर्वाचनसम्म सम्पूर्ण पार्टीपंक्ति नेतृत्वलाई संगठन निर्माणमा होमिन अध्यक्षको निर्देशन, आगामी निर्वाचनमा जसपा नेपाललाई बलियो शक्तिको रुपमा स्थापित गर्नेगरी ग्रास रुटका जनतामा होमिन अध्यक्षको आह्वान रहेको जनाइएको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गर्नु भएको राजनीतिक, सांगठनिक एवं जनअभियानको प्रतिवेदन राय सुझावसहित सर्वसम्मतले पारित भएको छ ।

बैठकले भूगोल, क्षेत्र, योग्यता, क्षमता र विविधताका आधारमा संगठन निर्माण एवं जनअभियानको लागि केन्द्रीय सदस्यहरुको कार्यविभाजन गरेको छ ।

यही भाद्र ९ गते काठमाडौंमा औपचारिक कार्यक्रम गरी पार्टी अध्यक्ष यादवले जनअभियानको उद्घाटन गर्नुहुनेछ ।

प्रथम चरणमा यो जनअभियान चार महिनाको लागि मंसिर मसान्तसम्मको लागि तोकिएको छ ।

## मधेशी आयोगको वार्षिक प्रतिवेदन : मधेश दिवसको तिथि प्रस्ताव



काठमाडौं । मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरिएको छ । राष्ट्रपति कार्यालयमा आयोजित एक विशेष समारोह बीच आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले आर्थिक वर्ष २०८०/८१ मा आयोगद्वारा सम्पादित कार्य र सिफारिस सहितको प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश गरेका हुन् ।

सो प्रतिवदनमार्फत आयोगले हाल रहेको आरक्षणको नीतिलाई परिमार्जन गर्न सिफारिस गरको छ । आयोगले राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडी परेका जातजाति र वर्गको घरदैलो सर्वेक्षण गराई जातजातिको लागि ६० प्रतिशत र वर्गको लागि ४०% वर्गीकरण गरी आरक्षणको नीति परिमार्जन गर्नको लागि राज्यलाई आवश्यक प्रक्रिया अगाडी बढाउन सिफारिस गरेको छ ।

आयोगले सप्तरीमा रहेको सखडेश्वरी भगवतीलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न समेत सिफारिस गरेको छ । आयोगले आफ्नो प्रतिवेदन मार्फत ०६३/६४ पछि भएका धार्मिक द्वन्दहरुको सत्यतथ्य पता लगाउन यथाशिघ्र उच्चस्तरीय न्यायिक आयोगको गठन गर्न राज्यलाई सिफारिस गरेको छ । आयोगले मधेश दिवस मनाउन तिथिहरु समेतको प्रस्ताव अगाडी सारेको छ । आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले आयोगले यस प्रतिवेदन मार्फत सरकारलाई ४४ वटा विषयमा महत्वपूर्ण सिफारिस गरेको बताएका छन् । अध्यक्ष डा.दत्तले आयोगमा गत आर्थिक वर्षमा आयोगमा दर्ता भएका उजुरीहरु उपर आयोगले तुरुन्त कारवाहीको लागि प्रक्रिया अगाडी बढाएको समेत जानकारी दिएका छन् ।

# ‘विदेश सचिवको भ्रमणले द्विपक्षीय सम्बन्धलाई अघि बढाउन मद्दत गरेको छ’

काठमाडौं । भारतको विदेश सचिवको नेपाल भ्रमणले दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिनुका साथै द्विपक्षीय सम्बन्धलाई अघि बढाउन मद्दत गरेको निष्कर्ष भारतको विदेश मन्त्रालयले निकालेको छ ।

भारतका विदेश सचिव विक्रम मिस्रीले नेपालका परराष्ट्र सचिव सेवा लम्सालको निमन्त्रणामा दुईदिने नेपालको औपचारिक भ्रमण गरेका छन् । गत महिना विदेश सचिवको रुपमा कार्यभार सम्हालेपछि यो उनको पहिलो नेपाल भ्रमण हो ।

विदेश सचिवले सोमबार आफ्ना नेपाली समकक्षीलाई भेटे । उनीहरुबीच भएको बृहत छलफलले भारत र नेपालबीचको बहुआयामिक सहकार्यका विभिन्न पक्षलाई समेटेको थियो ।

दुवै सचिवले विभिन्न द्विपक्षीय पहल र विकास परियोजनाहरुमा भएको प्रगतिको समीक्षा गर्नुका साथै थप सहकार्यका लागि अवसरहरुबारे छलफल गरेका थिए । नेपालका परराष्ट्र सचिवले भ्रमणमा रहेका भारतीय प्रतिनिधिमण्डलका लागि दिवाभोजको पनि आयोजना गरेका थिए ।

विदेश सचिवले आइतबार नेपालका सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गरे । दुवै राष्ट्रपति तथा प्रधानमन्त्रीलाई भारतका नेतृत्वको तर्फबाट शुभकामना व्यक्त गर्दै उनले दुई देशबीचको द्विपक्षीय सहकार्यका विविध पक्षहरुमा भइरहेको प्रगतिका बारेमा पनि जानकारी गराए ।




विदेश सचिवले उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेल, माननीय गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग शिष्टाचार भेटवार्ता गरे । यी भेटहरुमा विविध पारस्परिक लाभदायी क्षेत्रमा भारत-नेपाल सहकार्यलाई थप सुदृढ गर्ने तरिकाबारे छलफल भयो ।

भेटघाटका क्रममा दुवै पक्षले ऐतिहासिक, साँस्कृतिक, सभ्यतागत तथा जनता-जनताबीचको सम्बन्धमा गाँसिएको भारत र नेपालबीचको गहिरो र मैत्रीपूर्ण सम्बन्धमाथि जोड दिए । दुवै पक्षले हालैको वर्ष द्विपक्षीय सहकार्य विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्र जस्तैं भौतिक, डिजिटल, ऊर्जा र जनता-जनताबीचको सम्बन्धमा हासिल उल्लेखनीय प्रगतिमा सन्तोष व्यक्त गरे जुन सडक, पुल, एकीकृत जाँच चौकी, अन्तरदेशीय रेलवे साथसाथै पेट्रोलियम पाइपलाइन सम्बन्धी पूर्वाधार परियोजनाको निरन्तर कार्यान्वयनमा प्रकट भएको छ ।

दुवै पक्षले ऊर्जा सहकार्यको क्षेत्रमा पारस्परिक लाभदायी साझेदारीमा भएको प्रगतिको प्रशंसा गरे । पछिल्ला वर्षहरुमा ऊर्जा सहकार्यको क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । यस सन्दर्भमा पछिल्लो २-३ वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत निर्यातमा भएको बढोत्तरीले नेपालका लागि आम्दानी र भारतका लागि स्वच्छ ऊर्जाका थप स्रोतहरुको सिर्जना गरेकोमा दुवै पक्षले खुशी व्यक्त गरे । सन् २०२६ मा नेपाललाई अतिकम विकसित राष्ट्र (एलडीसी) को हैसियतबाट स्तरोन्नति गर्नमा ऊर्जा क्षेत्र सहकार्यले खेलेको भूमिका उपर पनि छलफल भयो ।

विदेश सचिवले अन्य वरिष्ठ राजनीतिक नेताहरुका साथै नेपालका नागरिक समाजका सदस्यहरुसँग पनि भेटघाट गरे ।

भ्रमणका क्रममा शहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालसँगै विदेश सचिवले काठमाडौंको पुरानो सहरको मुटुमा रहेको रक्तकालीमा प्रख्यात नेपाली कवि कवि केशरी चित्तधर ‘हृदय’सँग सम्बद्ध ऐतिहासिक आवासीय भवन ‘नेपाल भाषा परिषद्’को पनि संयुक्त रुपमा उद्घाटन गरे । २०७२ सालको विनाशकारी भूकम्पपछि भारत सरकारको सहयोगमा अघि बढाइएका २८ वटा सांस्कृतिक क्षेत्र पुनर्निर्माण परियोजनामध्ये यो एक हो ।

छिमेकी पहिलो नीति अन्तर्गत नेपाल भारतको प्राथमिकतामा पर्ने साझेदार हो । विदेश सचिवको भ्रमणले दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिनुका साथै हाम्रा द्विपक्षीय सम्बन्धलाई अघि बढाउन मद्दत गरेको छ ।

## सम्पादकीय

# भारतको ७८औं स्वतन्त्रता दिवस

मित्रराष्ट्र भारतले आफ्नो ७८औं स्वतन्त्रता दिवस मनाएको छ । नेपालमा लोकतन्त्रका लागि लडेका नेपाली पुस्ता जसमा बीपी कोइरालादेखि मनमोहन अधिकारीसम्म थिए, त्यो पुस्ताले भारतको स्वतन्त्रताको आन्दोलन पनि लडेको थियो । त्यसअर्थमा भारतीय स्वतन्त्रता दिवस र नेपालमा लोकतन्त्रको नाता जोडिएको छ । यदि भारत वि.सं. २००४ सालमा स्वतन्त्र नभएको भए नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्र आउने थिएन र नेपाली जनताको चेतना आजको अवस्थामा पुग्ने थिएन । त्यसैले भारतको स्वतन्त्रता दिवसका दिन नेपाल-भारत सम्बन्धको इतिहासमाथि गौरव गर्ने दिन पनि हो ।

गौरव यसकारण कि हिजोको दिनमा नेपाल-भारत सम्बन्ध अयोध्याका राजा राम र जनकपुरकी राजकुमारी सीताले बनाएकी थिइन् जहाँबाट नेपाल-भारत सम्बन्ध रोटी-बेटीको सम्बन्धमा रूपान्तरण भएको थियो । त्यसपछिको दिनमा आजभन्दा २६ सय वर्ष अगाडि आजको नेपालको कपिलवस्तुमा जन्मिएका सिद्धार्थ गौतमले वर्तमान भारतको बोधगयामा गएर तपस्या गरी बुद्धत्व प्राप्त गरेका थिए र उनले नेपाल र भारतका ऋषिमुनीको नाता समेत अझ बलियो बनाएका थिए ।

यसअर्थमा नेपाल-भारत मित्रताको त्यो अनुपम उदाहरण थियो इतिहासका कालखण्डमा । त्यसको निरन्तरता आजको दिनमा नेपाल-भारत सम्बन्धलाई दुबै देशका जनताले रूचाएको लोकतन्त्रले एक अर्कालाई नजिक ल्याउने काम गरेको छ । तसर्थमा आजको दिनमा सीताराम विवाह, भगवान बुद्धको पवित्र भूमिको नाता र नेपालमा लोकतन्त्रका लागि लडेका नेपाली नेताले भारतीय स्वतन्त्रताका लागि गरेको संघर्षले खुल्ला सीमाको स्वतन्त्रता उपयोग गरेका नेपाल र भारतका जनताले भारतीय स्वतन्त्रता दिवसमा पनि गौरव गर्ने दिन हो ।

आजको दिनको सत्य के हो भने नेपाल र भारतको सम्बन्ध उति नै पुरानो छ, जति हिमालय र गंगा पुराना छन् । यसका लगि हाम्रो सम्बन्ध, कागजको नाउ अगाडि बढेजस्तो होइन, हाम्रो सम्बन्धले हृदयको भाषा बोल्छ । हामी एकै सांस्कृतिक विरासतका धनी छौं । लामो समयसम्म भारतका प्रधानमन्त्रीले नेपालको भ्रमण नगरेको बेला वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो पहिलो कार्यकालमा नेपाल भ्रमण गरेर नेपाली जनताको मन जितेका थिए । तर उनको लोकप्रियतालाई देखेर आत्तिएकाहरूले नेपाल-भारत सम्बन्धलाई तनावमा लैजाने तानाबाना पनि बुन्ने प्रयास गरे ।

त्यसो त आजको भारत हिजोको भारत होइन, आजको भारत विश्वको बलियो आर्थिक शक्ति हो । त्यतिमात्र होइन, उ एउटा विशाल लोकतन्त्रसहित अगाडि बढेको देश पनि हो । त्यसो त धेरै मानिसहरू नेपाल-भारत सम्बन्धमा धेरै थरीका बहस गर्छन् । नेपाल–भारत सम्बन्धलाई लिएर पण्डित्याई छाट्नेहरूको काठमाडौंमा कमी छैन । नेपाल र भारतबीच खुला सिमाना भएका कारण निकटताको सम्बन्ध राजनीतिक तहमा मात्रै होइन् जनस्तरमा पनि रहेको छ । त्यस अर्थमा नेपाल-भारत सम्बन्धको जनस्तरको पाटो विशिष्ट प्रकारको छ । नेपाल र भारतबीचको सम्बन्धलाई जनस्तरकै तहबाट बुझ्ने कोशिस गरियो भने काठमाडौंमा भारतलाई लिएर व्यक्त गरिने दृष्टिकोणहरू पनि फरक हुन सक्छन् किनकी नेपाली जनता भारत विरोधी छैनन केही स्वार्थ समूह बाहेक ।

बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भटराई, गिरिजा प्रसाद कोइराला, महेन्द्रनारायण निधि, मातृकाप्रसाद कोइराला, मनमोहन अधिकारी, सुवर्णशम्शेर राणा, सूर्यप्रसाद उपाध्याय, डिल्लीरमण रेग्मी, गजेन्द्रनारायण सिंह लगायतका नेपाली राजनेताहरूले भारतको स्वतन्त्रताको आन्दोलनमा निर्वाह गरेको भूमिका मात्रै होइन्, भारतले नेपालमा प्रजातन्त्रका लागि दिएको नैतिक समर्थन इतिहासका महत्वपूर्ण पाटोहरूमा सुरक्षित बनिसकेको छ । त्यो नै नेपाल-भारत सम्बन्धको इतिहासको सुनौलो अध्याय हो । भारतीय स्वतन्त्रता दिवसको सन्दर्भमा त झन त्यो महत्वपूर्ण पाटो हो । त्यसैले आजका कुनै पनि टिप्पणीले नेपाल-भारत सम्बन्धका ती पाटाहरूलाई बदल्न सक्दैन ।

# उपेन्द्र यादवको राजनीतिक प्रस्ताव

**1) संघीयता कार्यान्वयन सम्बन्धमा**

1. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारहरूलाई प्रहरी हस्तान्तरण गर्ने ।

2. संघीय निजामती ऐन संसदबाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी कार्यहरू सम्पन्न गर्ने ।

3. प्रदेश सरकारमा मन्त्रालयहरूको संख्या घटाउने ।

4. संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसार प्रदेशहरूलाई क्षेत्राधिकार प्रदान गर्ने ।

5. संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश मामिला सम्बन्धी विषयहरू प्रदेश सरकारलाई नै जिम्मेवारी दिने र अनावश्यक फिजूल खर्च कटौती गर्ने ।

6. संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकायहरू प्रदेशलाई तुरून्त हस्तान्तरण गर्ने ।

7. संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्ने।

**2) संविधान संशोधन सम्बन्धी**

८. स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्ने ।

९. संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली, समावेशी तथापूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको सङ्घीय न्यायप्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासन सहितको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड लगायतका प्रावधानहरू संशोधन गरी संविधानमा व्यवस्था गर्ने। प्रदेशहरूको नामाङ्करण गर्दा पहिचान झल्कने गरी गर्नुपर्दछ ।

१०. समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' (Constitution Review Commission) गठन गरी राय सुझाव र सिफारिसका आधारमा संविधान संशोधन गर्ने।

**३) सामाजिक न्यायको हक सम्बन्धी**

११. समावेशी लोकतन्त्र सामाजिक सुरक्षा र सामाजिक न्यायको हक सुनिश्चित्तताका लागि संविधानको धारा ४२ र ४३ को भावना अनुकूल कानून निर्माण र कानून संशोधन गरी सामाजिक न्याय र सामाजिक सुरक्षाको हकलाई प्रत्याभूति गराउने ।

१२. पिछडावर्ग(OBC) लाई सूचीकृत गरी उनीहरूलाई समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानून निर्माण गर्ने

१३. नि:सहाय, सुकुमवासी तथा भूमिहीन नेपालीहरूलाई आवश्यक भूमि उपलब्ध गराउन भूमि आयोगलाई क्रियाशील र प्रभावकारी बनाई यसै वर्षभित्र भूमिहीन तथा सुकुमवासीहरूको समस्या हल गर्ने ।

१४. जेष्ठ नागरिक तथा अशक्त, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्येक महिनाको अन्तिम दिनसम्म सामाजिक सुरक्षा भत्ता अनिवार्य उपलब्ध गराउने ।

**४) निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा**

१५. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्याङ्क बमोजिम जनसंख्याको आधारमा प्रतिनिधित्व गर्न पाउने हक लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र भावनाअनुसार संसदीय /प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गरिनु पर्दछ ।

१६. राष्ट्रिय सभामा प्रदेशको जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्दछ।

**५) शिक्षा सम्बन्धी :**

१७. शिक्षा क्षेत्रमा भइरहेको व्यापारीकरण र माफियाकरणलाई अन्त्य गरी सरकारले सञ्चालन गरेको विद्यालय, कलेज र विश्वविद्यालयहरूमा पर्याप्त मात्रामा आवश्यक योग्य विषयगत शिक्षक, प्राध्यापक एवं जनशक्तिको व्यवस्थापन गर्ने, सरकारी विद्यालय र कलेजहरूमा उच्चस्तरको गुणस्तरीय तथा आजको युगको आवश्यकता अनुरूप शिक्षाको व्यवस्था सरकारले नै गर्ने ।

१८. सरकारले सबै प्रदेशहरूमा प्रादेशिक सीप तालिम केन्द्र स्थापना र सञ्चालन गरी स्वदेशी वा वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक सीप तालिमको व्यवस्था गर्ने । गरिबी रेखामुनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले नि:शुल्क तालिम उपलब्ध गराउने ।



१९. सम्पूर्ण पालिकाहरूसम्म इन्टरनेट पहुँचको व्यवस्था गर्ने र अध्ययनरत विद्यार्थीहरूका लागि सहुलियत दरमा इन्टरनेट सेवा उपलब्ध गराउने ।

२०. सरकारले प्रत्येक प्रदेशमा प्रदेशस्तरीय, जिल्ला तथा पालिकास्तरसम्मका लागि खेलकुद मैदान, पार्क, प्रशिक्षण केन्द्र आदिको व्यवस्था गर्ने ।

२१. नेपालमा प्रत्येक प्रदेशहरूमा मेडिकल कलेजको स्थापना गर्ने र हाल सञ्चालनमा रहेको मेडिकल कलेजहरूलाई आ-आफ्नो क्षमता अनुसार विद्यार्थी भर्ना लिने, अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउने ।

२२. उच्च मा.वि.तहसम्मको शिक्षालाई सरकारले नै व्यवस्थापन र सञ्चालन गरी प्रदेश सरकारको मातहत राख्ने । यसका अतिरिक्त संघीय सरकारले प्रत्येक प्रदेशमा संघीय सरकारको सञ्चालन र व्यवस्थापनमा रहने गरी विश्वविद्यालय, कलेजहरू, केन्द्रीय तथा आवासीय विद्यालयहरू स्थापना गर्ने ।

२३. उच्च तहको शिक्षालाई रोजगारसँग जोड्ने र Part time job, part time education को पनि व्यवस्था मिलाउने ।

२४. विद्यालय शिक्षकहरू खुल्ला प्रतिस्पर्धाबाट मात्र भर्ना गर्ने र भर्ना भएका शिक्षकहरूलाई आवश्यक तालिम दिएर मात्र विद्यालयमा पठाउने, शिक्षकहरूको तलब, सेवा सुविधा निजामती कर्मचारी सरह हुने गरी व्यवस्था गर्ने। राज्यले नै मातृभाषामा शिक्षाको व्यवस्था गर्ने।

**६. स्वास्थ्य सम्बन्धी:**

२५. संविधानको धारा ३५ (१) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य निशुल्क उपलब्ध गराउन सबै सरकारी अस्पतालहरूबाट वितरण हुने गरी नि:शुल्क औषधिको पर्याप्त मात्रामा व्यवस्था गर्ने।

२६. सरकारले स्वास्थ्य सेवाका लागि अति विशिष्ट (Super Speciality) अस्पताल, प्रादेशिक अस्पताल, पालिकास्तरसम्मका अस्पतालहरूलाई आवश्यक पर्ने औषधी, उपकरण, प्रयोगशाला, जनशक्ति र तालिम उपलब्ध गराउने ।

२७. सरकारले प्रत्येक प्रदेशमा सरकारले कम्तिमा एउटा अति विशिष्ट अस्पताल, एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र एउटा वैकल्पिक चिकित्सा अध्ययन एवं उपचार केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।

२८. आर्थिक अभावले गर्दा उपचार गराउन असमर्थ अति विपन्न वर्ग, गरिब, असक्षम र असहायहरूलाई स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था सरकारले नै गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

**७. कृषि सम्बन्धी:**

२९. कृषि उत्पादन वृद्धि गर्न सरकारले सिँचाइ नहर निर्माण, नदी नियन्त्रण गरी स-साना सिँचाई आयोजना, भूमिगत सिँचाई आयोजना, नदीहरूमा तटबन्ध निर्माण लगायतका आवश्यक कार्यहरू गरी खेतमा सिँचाइको व्यवस्था गर्ने ।

३०. सरकारले नेपालमै रसायनिक मल कारखाना स्थापना गर्ने, कृषि उत्पादनका लागि आवश्यक पर्ने मल खाद्यको पर्याप्त भण्डारण गरी आवश्यकतानुसार कृषकहरूलाई समयमै उपलब्ध गराउने । माटो जाँच, कृषि प्राविधिक सेवा आदि सेवाहरू स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्ने ।

३१. सरकारले अन्न, फलफूल, तरकारी, अण्डा, माछा, मासु आदिका लागि कृषि बजारको स्थापना र व्यवस्थापन गर्ने, किसानहरूलाई बिचौलियाको शोषणबाट मुक्त गर्ने ।

३२. कृषि उत्पादन हुने प्रत्येक पालिकाहरूमा शीत भण्डार (Cold store) को निर्माण गरी सञ्चालन गर्ने ।

३३. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, गरिबी र बेरोजगारी समस्याहरूको समाधान गर्न कृषि क्षेत्रको ठूलो योगदान हुनेहुँदा भूमि तथा कृषि नीति र कानून निर्माण गरी कार्यान्वयन गर्ने।

३४. ग्रामीण विकास बैंक, साना किसान विकास आयोजना, कृषि विकास परियोजना आदि स्थापना गरी प्रभावकारी रूपमा परिचालन गर्ने र उक्त संस्थाहरूको माध्यमबाट किसानहरूलाई सस्तो ब्याजदरमा कृषि ऋण, तालिम र सहुलियत प्रदान गर्ने ।

३५. कृषि र कृषिमा आधारित उद्योगहरू स्थापना र सञ्चालन गर्न सरकारले बैंकहरू मार्फत ऋण, प्रविधि लगायतका अन्य आवश्यक सहुलियतहरू प्रदान गर्ने ।

**८. उद्योग, कलकारखाना सम्बन्धी**

३६. विगतमा मुनाफामा चलेका तर हाल बन्द रहेका उद्योगहरूलाई पुन: सञ्चालन गर्न आवश्यक व्यवस्था सरकारले गर्ने ।

३७. उद्योग व्यवसाय क्षेत्रमा देखा परेका वा लगानीकर्ताले बेहोर्नु परेका हड्ताल, तालाबन्दी, प्रशासनिक झन्झट र सरकारी भ्रष्टाचार तथा ढिलासुस्तीलाई अन्त्य गर्ने र यस सम्बन्धमा सरकारको तर्फबाट गर्नुपर्ने प्रशासनिक लगायतका कार्यहरूका लागि कार्य सम्पन्न गरिसक्ने गरी समय सीमा निर्धारण गर्ने।

३८. उद्योग, कलकारखाना सञ्चालन गर्न लगानीकर्तालाई प्रोत्साहन गर्ने, आवश्यक कानुनी विधि र प्रक्रिया पूरा गरी निवेदन दिएको १५ दिनभित्र सरकारले आवश्यक पर्ने सबै प्रक्रियाहरू पूरा गरी अनुमति प्रदान गर्ने र उद्योग कलकारखाना सञ्चालन गर्न आवश्यक पर्ने भूमि, विद्युत आपूर्ति, बैंक ऋण आदिको प्रबन्ध ३० दिनभित्र उपलब्ध गराउनुपर्ने व्यवस्था गर्ने ।

३९. COVID-19 महामारी, प्राकृतिक प्रकोप लगायतका असरहरूबाट प्रभावित भई उद्योग व्यवसाय सञ्चालन गर्न नसकेका उद्योगहरू, कम्पनी वा संस्थाहरूलाई करमा लगाएको जरिवाना छूट दिने । कर किस्ताबन्दीमा तीर्न सक्ने व्यवस्था गर्ने ।

४०. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, कलकारखाना तथा उत्पादन क्षेत्रमा स्वदेशी र वैदेशिक लगानीकर्ताहरूलाई लगानी गर्न लगानीमैत्री वातावरण निर्माण गर्ने र लगानीका लागि सरल व्यवस्था गर्ने ।

४१. बैंकहरूको ब्याजदर सिंगल डिजिटमा झार्ने।

**९) बहुभाषिक नीति सम्बन्धमा :**

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुराष्ट्रिय/जातीय विविधतायुक्त मुलुक भएको हुँदा राज्यको एकल भाषिक नीतिलाई अन्त्य गरी नेपाली भाषा सँगसँगै नेपालमा बोलिने र प्रचलनमा रहेका अन्य भाषाहरुलाई पनि शिक्षणको माध्यम र सरकारी कामकाजी भाषाको रुपमा राज्यले मान्यता दिनुपर्दछ ।

**१०) हवाई, सडक यातायात सेवा सुरक्षा सम्बन्धमा :**

नेपालमा हवाई तथा सडक दुर्घटनाहरू पटक-पटक भइरहेका छन् । जसबाट अत्यधिक जनधनको क्षति भोग्नु परिरहेको छ । सरकारले सुरक्षित हवाई तथा सडक यातायात सेवाको सम्बन्धमा नीति, कार्यक्रमका साथै प्राविधिक त्रुटीहरू हुँन नदिने तर्फ ठोस कार्य गर्नुपर्दछ ।

**११) अन्य आवश्यक कार्यहरू**

४२. सुशासन र सदाचारको लागि भ्रष्टाचार, कमिशनतन्त्र, नेता र व्यापारिको स्वार्थको जालो (Crony capitalism), विचौलिया तथा प्रशासनिक असक्षमता र ढिलासुस्ती लगायतका कार्यहरूलाई कडाईकासाथ नियन्त्रण गर्ने, निर्मूल पार्ने ।

४३. सरकारी बजेट मार्फत् सङ्घ, प्रदेश र स्थानीय तहमा हुने सबै खरिद एवं निर्माण कार्यहरू टेण्डर प्रक्रियाबाट मात्र गर्नुपर्ने व्यवस्था गर्ने ।

४४. महँगी नियन्त्रण गर्न आपूर्ति व्यवस्थामा सुधार गरी बजार नियन्त्रण, मूल्य नियन्त्रण लगायतका आवश्यक कार्यहरू गर्ने ।

४५. सार्वजनिक सेवा प्रभावमा सुधार गरी सेवाग्राहीलाई अधिकतम् ५ दिनभित्र सेवा प्रदान गरी सक्ने गरी व्यवस्था मिलाउने ।

४६. सबै नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचय पत्र उपलब्ध गराउन प्रत्येक पालिकास्तरमै व्यवस्था गर्ने ।

४७. हुलाकी सडक लगायत राष्ट्रिय गौरवका आयोजनाहरूलाई तीन वर्षभित्र सम्पन्न गरिसक्ने गरी योजना बनाउने ।

४८. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवाहरूका लागि पुँजी, तालिम लगायतका कार्यक्रमहरूको योजना निर्माण र सञ्चालन गर्ने ।

४९. दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति सहज र पर्याप्त मात्रामा गर्ने, कालोबजारी, कृतिम अभाव सिर्जना गर्ने र सोही अनुसार बिक्री वितरण गर्ने/गराउनेहरूलाई कानूनी कारबाही गर्ने ।

५०. तराई/मधेश पूर्वाधार विकास कार्यक्रम लागू गरी यस क्षेत्रको विकास निर्माणका कार्यलाई तीव्रताका साथ अगाडि बढाउने ।

५१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रभावकारी र क्रियाशील बनाई सङ्घ र प्रदेशबीच स्रोत, साधनको पूर्वाग्रहरहित भई न्यायोचित वितिय संघीयताको मूल्य र मान्यता अनुरूप बाँडफाँडको नीति निर्धारण गरी कार्यान्वयन गर्ने ।

५२. भारतीय सीमासँग जोडिएका नाकाहरूबाट नेपालीहरूलाई आफ्ना उपभोगका वस्तुहरू ल्याउन रू. एक लाखसम्मको भन्सार छूट दिने व्यवस्था गर्नुपर्ने।

५३. भारतीय पर्यटक एवं तीर्थयात्रीहरूलाई नेपालमा आउँदा भारतीय रूपैयाँको सटही गर्ने व्यवस्था मिलाउने ।

५४. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरू दलीय भागवण्डा तथा आफ्नो नाता गोता वा लेनदेनका आधारमा नगरी निजले गरेको योगदान, योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने ।

५५. बारा जिल्लाको कबई, सिम्रौनगढ, बाँके जिल्लाको सुईया बघौडा लगायत भारतीय सीमासँग जोडिएका तराई/मधेशका नाकाहरूमा भन्सार, छोटी भन्सार स्थापना गरी सञ्चालन गर्ने ।

५६. तराई/मधेश क्षेत्रमा खटिएका प्रहरी, सरकारी कर्मचारी र प्रशासनलाई स्थानीय जनताप्रति जिम्मेवार, अनुशासित मर्यादित बनाउने, त्यस क्षेत्रमा हुने गरेका प्रहरी प्रशासनको ज्यादती र दमन बन्द गराउने ।

५७. हाल देशका विभिन्न भागहरूमा देखा परेका प्राकृतिक प्रकोप, बाढी, पहिरो वा भू-स्खलनका कारण निकै धनजनको क्षति हुनका साथै विकासका पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् । यसबाट जनतालाई तत्काल उद्दार, राहत र पुर्नस्थापनाको कार्य गरी क्षतिग्रस्त भएका विकासका पूर्वाधारहरूलाई पुन:निर्माण यथाशीघ्र गरिनुपर्दछ ।

५८. तराई /मधेशलाई मरूभूमिकरणबाट जोगाउन चुरिया क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरी उत्खनन्, निर्माण तथा बसोबास आदि कार्यलाई रोक लगाउनुपर्दछ ।

५९. विगतमा भए गरेका भ्रष्टाचार, अनियमितता र अधिकारको दुरूपयोग जस्ता काण्डहरूलाई ढाकछोप नगरी निष्पक्ष रूपमा अनुसन्धान गरी दोषी उपर कानुनी कारबाही गरिनुपर्दछ ।

६०. मधेश आन्दोलनको बेला नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको २२ बुँदे सम्झौता, नेपाल सरकार र संयुक्त मधेशी मोर्चाबीच सम्पन्न भएको ८ बुँदे सम्झौताका कार्यान्वयन गर्न बाँकी रहेका प्रावधानहरूलाई सरकारले यथाशिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

६१. मधेश आन्दोलनका दौरान आन्दोलनकारीहरू माथि लगाईएका मुद्दाहरू नेपाल सरकारसँग भएका सम्झौता अनुरूप सरकारले तुरून्त खारेज गर्नुपर्दछ र बन्दी बनाईएकाहरूको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन सम्पत्तिलाई फुकुवा गरिनुपर्दछ ।

# विश्वकै उत्कृष्ट संविधान भन्नेहरू संशोधनको पक्षमा उभिनु हाम्रो नीतिगत जीत हो



**विदेश्वर यादव 'बिक्की'**
**केन्द्रीय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

**० चार दिनसम्म चलेको जसपा नेपालको केन्द्रीय समिति बैठकले के–के निर्णय गऱ्यो ?**

– जसपा नेपालको महाधिवेशनपश्चात् केन्द्रीय समितिको पहिलो बैठक बुधबार सम्पन्न भएको छ । केन्द्रीय समितिका सदस्यहरुलाई पार्टीको नीति, सिद्धान्त, वैचारिक सवाललगायत विभिन्न समसायिमक विषयवस्तुबारे अभिमुखीकरण, तालिम दिइएको थियो । चार दिनसम्म चलेको सो बैठकमा महत्वपूर्ण विषयहरुमा छलफल गरी निर्णयहरु गरियो । अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रममा विभिन्न विज्ञहरुले प्रशिक्षित पनि गर्नुभयो । वर्तमान भू-राजनीतिक परिस्थिति र नेपालको परराष्ट्र नीति तथा सम्बन्ध, वर्तमान राष्ट्रिय राजनीतिक सन्दर्भमा हाम्रो पार्टीको भूमिका, पहिचान र राष्ट्रिय⁄जातीय मुक्तिका सवाल, नेपालको सन्दर्भमा समाजवादसम्बन्धी अवधारणा लगायतका विषयमा प्रशिक्षण दिइएको थियो । यसैगरी, जसपा नेपालको आदर्श, वैचारिक एवं सैद्धान्तिक अवधारणा र संविधान संशोधनको आवश्यकता र अपरिहार्यता लगायत महत्वपूर्ण विषयहरुबारे विज्ञलगायत अध्यक्ष उपेन्द्र यादवद्वारा प्रशिक्षण, शपथ ग्रहण, कार्यविभाजन र अभिमुखीकरणहरु भयो । त्यसैले, हाम्रो पहिलो बैठक बैठक एकदमै उपलब्धिमूलक रह्यो ।

**० जसपाको आगामी कार्यभार के हो ?**

– विभिन्न आन्दोलनहरुपश्चात् जुन परिवर्तनहरु भएका छन्, अधिकार र पहिचानका लागि जनता जसरी आन्दोलित भएका थिए सोहीअनुरुप उपलब्धिहरु प्राप्त भएका छैनन् । तर पनि आन्दोलनबाट जुन आंशिक उपलब्धिहरु प्राप्त भएका छन्, त्यसलाई पनि अहिलेको सरकारले विभिन्न बहानामा संविधान संशोधनको नाममा कटौती गर्नेतिर जाँदैछ । त्यसले गर्दा अहिले हाम्रो पार्टीको मुख्य कार्यभार भनेको उत्पीडित र उपेक्षित समुदायलाई संगठित गर्नु र प्राप्त उपलब्धिलाई संरक्षण गर्दै बाँकी अधिकार प्राप्तिका लागि संघर्ष गर्ने मुख्य लक्ष्य रहेको छ ।

**० जसपा नेपालको महाधिवेशनकै मुखमा पार्टी विभाजन भयो, यसबारे बैठकमा कस्तो छलफल भयो ?**

– कुनै पनि पार्टी विभाजन हुनु देश र जनताका लागि राम्रो होइन । किनभने देश अहिले दिनप्रति दिन आर्थिक, सामाजिकरुपले पछाडि पर्दै गएको छ । तर यो देशमा जुन परिवर्तनकारी शक्ति जो विद्रोहबाट जन्मेको पार्टीलाई शासकवर्गले कमजोर गर्ने षड्यन्त्र गर्दै आएको छ । आफूलाई परिवर्तनकारी पार्टी भन्ने माओवादी अहिले आफ्नो मुद्दाबाट विमुख भइसकेको छ । आजको दिनमा परिवर्तनका एजेण्डाहरु जसपा नेपालसँग मात्रै छ । जसपा नेपालले मात्र अहिलेसम्म मधेश, आदिवासी जनजाति, दलित, मुस्लिम, महिला, थारु र पहाडका उत्पीडित जनताको मुद्दा र सवाललाई लिएर अगाडि बढ्दैछ । त्यसैले परिवर्तन चाहने पार्टीलाई शासनसत्तामा बसेका शक्तिहरुले कमजोर गर्न षड्यन्त्र गर्नु स्वाभाविक हो । सोहीअनुरुप जसपा नेपाललाई कमजोर गर्न विभाजन गराइएको हो । विभिन्न आन्दोलनहरुका संगठित रुप जसपा नेपाल हो ।

**० उपेन्द्र यादवले नेतृत्व गरेको पार्टी फोरमदेखि जसपासम्म आइपुग्दा पटक-पटक फुट्दै आएको छ । यसको के हो ?**

– जुन पार्टी परिवर्तन र जनताको पक्षमा आफ्नो अभियान अगाडि बढाउँदै जान्छ, त्यसलाई राज्यपक्षद्वारा तोड्ने-फोड्ने गरेको इतिहास छ । जसपा नेपाल मात्रै विभाजन भएको छ भन्ने पनि छैन । कांग्रेस र कम्युनिष्ट पार्टीहरु पनि फुटेका छन् । तर, जसपा नेपाल फुट्नुपर्ने थिएन । यसमा हाम्रा नेताहरुको कमी कमजोरी छैन भन्ने पनि छैन । नेतृत्वको पनि कमजोरी छ । एउटा पार्टी बन्न वर्षौं लाग्न सक्छ ।

**० जसपा नेपालले वर्तमान सरकारलाई समर्थन गऱ्यो तर सहभागी भएन, किन ?**

– जसपा नेपालले सरकारलाई समर्थन दिँदा निश्चितरुपमा सत्तापक्ष नै हो । मुख्य प्रश्न उठ्छ कि जसपा नेपालले यो सरकारलाई किन समर्थन गऱ्यो । २०७२ सालमा संविधान जारी हुँदै गर्दा यो देशको आधा जनसंख्या सडकमा थिए । राज्यसत्ताले मधेशी थारुको टाउको र छातीमा गोली ठोकेर जबरजस्ती संविधान जारी गऱ्यो । हामीले सुरुदेखि यो संविधान अधुरो र अपुरो छ, संशोधन गर्नुपर्छ भन्दै आएका छौं । अहिले दुईटा ठूला पार्टीले संविधान संशोधन गर्ने भनेर सहमति गरेको छ, त्यस हिसावले जसपा नेपालले यो सरकारलाई समर्थन गरेको हो । तर, हामीलाई विश्वास छैन कि यो सरकारले सकारात्मकरुपमा संविधान संशोधन गर्छ । किनभने यहाँका शासकवर्गले ७ दशकको अवधिमा ७ वटा संविधान बनाए, प्रत्येक संविधानलाई विश्वकै उत्कृष्ट संविधान भनियो । तर प्रत्येक संविधानको औसत आयु हेर्दा लगभग १०-१२ वर्ष मात्रै छ । यदि विश्वकै उत्कृष्ट संविधान भइदिएको भए किन १०-१२ वर्ष मात्रै टिक्छ ? यो संविधान भनेको संसारकै विभेदकारी र जातिवादी संविधान हो । संविधान घोषणा गर्ने दलहरुले नै संशोधनको कुरा गरेपछि नीतिगतरुपमा हाम्रो जीत भएको छ । यो सरकारले जनताको पक्षमा भन्दा अधिकार र पहिचान कटौती हुने गरी संविधान संशोधन गऱ्यो भने देशमा भयावह स्थिति आउँछ । यो सरकारले दुई दलीय व्यवस्था ल्याउने, समानुपातिक र आरक्षण हटाउने कुरा गर्दैछ । यदि त्यस्तो भयो भने यो देशमा यस्तो विद्रोह हुन्छ, जसलाई कुनै पनि शक्तिले रोक्न सक्दैन । बंगलादेश र श्रीलंकाभन्दा पनि भयावह स्थिति आउँछ र यहाँका शासकले थेग्न सक्ने अवस्था रहँदैन । त्यसैले, हाम्रो आवश्यकताअनुसार संविधान संशोधन होस् ।

**हाम्रो पहिलो बैठक एकदमै उपलब्धिमूलक रह्यो ।**

**प्राप्त उपलब्धिलाई संरक्षण गर्दै बाँकी अधिकार प्राप्तिका लागि संघर्ष गर्ने मुख्य लक्ष्य रहेको छ ।**

**आजको दिनमा परिवर्तनका एजेण्डाहरु जसपा नेपालसँग मात्रै छ ।**

**अहिले दुईटा ठूला पार्टीले संविधान संशोधन गर्ने भनेर सहमति गरेको छ, त्यस हिसावले जसपा नेपालले यो सरकारलाई समर्थन गरेको हो ।**

**यो संविधान भनेको संसारकै विभेदकारी र जातिवादी संविधान हो ।**

**मधेशलाई कमजोर गर्न र संघीयतालाई बदनाम गर्नका लागि कांग्रेस–एमालेले हतियारको रुपमा जनमत पार्टीलाई प्रयोग गरिएको छ ।**

**० तपाइँहरुले भनेअनुसार नै संविधान संशोधन होला त ?**

– यो देशमा संघीयता, समानुपातिक समावेशिता लगायतका परिवर्तनका एजेण्डाहरु संविधानमा उल्लेख हुनु मधेश आन्दोलनको देन हो । संघीयताको जननी मधेश र मधेशी जनता हो । यहाँका शासकले संघीयता स्वीकारेकै थिएन, बाध्यात्मक अवस्थामा स्वीकारेपछि यसलाई कुरुप बनाएर असफल बनाउने उद्देश्यले अगाडि बढिरहेको छ । शासकहरुको उद्देश्य भनेको संघीयता बदनाम होस् । किनभने अहिलेको संघीयता भनेको अधिकार र पहिचानविहीन रहेको छ । प्रदेश संरचना सञ्चालन भएको सातौं वर्षमा छ, तर अहिलेसम्म प्रहरी प्रशासन, कर्मचारी र अर्थ प्रदेशलाई दिएको छैन ।

**० तपाइँहरुले संघलाई आरोप लगाउनुहुन्छ तर, तपाइँकै पार्टीले साढे ६ वर्षसम्म मधेश सरकार सञ्चालन गऱ्यो, त्यसमा चरम भ्रष्टाचार र अनियमितता भयो भन्ने आरोप छ । तपाइँहरुकै कारण संघीयता बदनाम हुँदैछ नि ?**

– भ्रष्टाचारको कुरा सत्तासँग जोडिएको हुन्छ । संघमै अर्बौं खर्बौंको भ्रष्टाचारका काण्डहरु छन् । तर प्रदेशलाई त बजेट नै अर्बमा दिइन्छ, जसमा आधाभन्दा बढी बजेट त कर्मचारी व्यवस्थापनमै जान्छ । विकासे बजेट भनेको थोरै हुन्छ । त्यसमा हाम्रो पार्टी नेतृत्वको सरकारले विकास निर्माणका धेरै कामहरु गऱ्यो ।

**० भ्रष्टाचार पनि धेरै भएको छ नि ?**

– यदि भ्रष्टाचार भएको छ भने त्यो हेर्ने जिम्मा केन्द्र सरकारको हो । भ्रष्टाचार गर्ने जो कोहीलाई कारबाही हुनुपर्छ । प्रदेशमा मन्त्रीमाथि भ्रष्टाचार मुद्दा लाग्छ तर मन्त्रीको निर्देशनमा काम गर्ने सचिव र कर्मचारी चोखिन्छ । बदनियतपूर्ण तरिकाले मधेशलाई बदनाम गराउन यस्ता कुराहरु हुन्छन् । हामीले गरेको राम्रो कामको चर्चा हुँदैन । थोरै बजेट र थोरै समयमा जसपा नेतृत्वको सरकारले धेरै काम गरेको छ । हामीले ल्याएको निजामती ऐनमा ५० प्रतिशत महिलालाई आरक्षण दिइएको छ । तर केन्द्र सरकारले त्यसमा पनि गर्न दिइरहेको छैन । अर्को कुरा अधिकारविहीन संघीयता बनाउँदा यहाँका बुद्धिजीबीहरु बोल्दैनन् । त्यसैले यो देश भनेको एकल जातीय तन्त्रमा चलेको देश हो । त्यो भित्रका बुद्धिजीबीहरु पनि चाहँदैनन् कि यो देशमा परिवर्तन होस् ।

**० अहिले मधेश प्रदेशमा सरकार चलाइरहेको पार्टीका नेताहरुले विगतमा जसपा नेपालको सरकारले भ्रष्टाचारै भ्रष्टाचार गरेको आरोप लगाएका छन् नि ?**

– हामीले डा.सीके राउतलाई सम्मान गर्छौं । पढेलेखेका युवा राजनीतिमा आयो, हामीलाई पनि धेरै आशा थियो । तर उहाँले जुन किसिमले नाटकीय तरिकाले आफूलाई आत्मसमर्पण गर्नुभयो, त्यसले निराशा बनायो । पढेलेखेका एउटा बौद्धिक युवा राजनीतिमा आएपछि हामीलाई लागेको थियो कि सकारात्मक धारणासहित समाजलाई जोड्ने काम गर्नुहुन्छ, तर उहाँ बिल्कुल विपरीत दिशामा समाजलाई तोड्ने, जातिवादी द्वेष फैलाउने काममा लाग्नुभयो । उहाँसँग जसपा नेपाल र उपेन्द्र यादवलाई विरोध गर्ने बाहेक अन्य कुनै एजेण्डा नै छैन । आठ जिल्लाको मधेश प्रदेशमा उहाँकै पार्टीको सरकारले २० सदस्यीय मन्त्रिमण्डल बनाएको थियो । हाम्रा युवा विद्यार्थीले आन्दोलन गरेपछि बर्खास्त गर्नुपऱ्यो । स्टन्ट गरेर मात्रै राजनीति हुँदैन नि । उहाँको एउटा मात्र एजेण्डा छ जसपाको विरोध गर्ने र भोट बटुल्ने । तर सधैंभरि त्यस्तो राजनीति चल्दैन नि ।

**० जनमत पार्टी नेतृत्वको मधेश सरकारको काम गराईलाई कसरी हेरिरहनुभएको छ ?**

– जनमत पार्टीको नाम मात्रैको सरकार हो । त्यो एक किसिमको कांग्रेस-एमालेको गोटी मात्रै हो । मधेश प्रदेशका विकासे मन्त्रालयहरु सबै कांग्रेस-एमालेले लिएको छ । मधेशलाई कमजोर गर्न र संघीयतालाई बदनाम गर्नका लागि कांग्रेस-एमालेले हतियारको रुपमा जनमत पार्टीलाई प्रयोग गरिएको छ । यदि राजनीतिक सैद्धान्तिक विचारधाराबाट निर्देशित भएर डा. सीके राउतले राजनीति गरेको भए एउटा मुख्यमन्त्रीका लागि मात्रै लम्पसार पर्नु हुँदैनथ्यो नि । उहाँले स्टन्टबाजी राजनीति मात्रै गर्दै हुनुहुन्छ ।

**० जसपाको महाधिवेशनमा जनमत पार्टीलाई प्रमुख शत्रु किटान गर्नुपर्ने कुरा उठेको थियो नि ?**

– यो कुरा कुनै साथीले गर्नुभएको होला, त्यो मलाई थाहा छैन । हामीले जनमत पार्टीलाई प्रमुख शत्रुको रुपमा लिन सक्दैनौं । किनभने उसले न राज्यसत्ता सञ्चालन गरेको छ, न कसैको अधिकार खोसेको छ । हामीले जनमत पार्टीलाई मित्रकै रुपमा लिन्छौं । किनभने हामीले उठाएकै एजेण्डामा उहाँले राजनीति गर्दै हुनुहुन्छ । उहाँको कार्यकर्ताहरुमा राजनीतिक विचारधारा र संस्कार कतिको छ, त्यो त हेरिरहेकै छौं । हामीलाई गाली गरोस्, गाली गरिरहेकै छन्, त्यसबाट हामी विचलित हुँदैनौं । अधिकार र पहिचानको एजेण्डालाई हामीले निरन्तर उठाएका छौं । हाम्रो केन्द्रीय समितिको बैठकबाट उच्च मनोबलका साथ चार महिनाका लागि जनताका बीचमा जाँदैछौं । पाँच लाख नयाँ सदस्यता जोड्ने हाम्रो उद्देश्य रहेको छ । हाम्रो यो अभियान देशको सकारात्मक परिवर्तनका लागि निश्चित नै परिणाम दिन्छ ।

**० हाम्रो मित्रराष्ट्र भारतले ७८औं स्वतन्त्रता दिवस मनाएको छ, यसलाई लिनुहुन्छ ?**

– निश्चितरुपमा नै भारत हाम्रो अभिन्न मित्रराष्ट्र हो । अन्य देशभन्दा भारत र नेपालको सम्बन्ध फरक र एकदम महत्वपूर्ण छ । हामीबीच बहुआयामिक सम्बन्ध सदियौंदेखि रहँदै आएको छ । नेपालमा कुनै समस्या परेको बेला सबभन्दा पहिला सहयोगीको रुपमा उभिने भनेको भारत नै हो । त्यो हिसावले भारतले ७८औं स्वतन्त्रता दिवस मनायो, सम्पूर्ण भारतीय जनताप्रति हृदयदेखि नै शुभकामना दिन चाहन्छु ।

# ईन्जिनियरिङ एसोसिएसनको चुनावमा उठाउनै पर्ने प्रमुख १० मुद्दाहरू



**कौशल गोपालवंशी**

नेपाल ईन्जिनियरिङ्ग एसोसिएसन ईन्जिनियरहरुको हकहितका लागि लड्ने एक छाता संगठन हो । ईन्जिनियरिङ पेशालाई मर्यादित र व्यवस्थित बनाउनु नेपाल ईन्जिनियरिङ एसोसिएसनको प्रमुख कार्य हो । नेपाल ईन्जिनियरिङ एसोसिएसनको चुनाव आउँदो भाद्र २२ गते हुँदैछ । विभिन्न संगठनहरुले आ-आफ्नो संगठनको तर्फबाट उम्मेद्वारी दर्ता गराउने कार्यलाई तीव्रता दिएको छ । साथै संगठनहरुले प्रचारप्रसार पनि तीव्र बनाएको छ । अघिल्लो चुनाव जस्तै यो चोटिको चुनावमा पनि मत दिनका लागि प्राप्त भएको म्यासेज/कलमा पनि कसैले इन्जिनियरिङ पेसालाई मर्यादित र व्यवस्थित बनाउनका लागि कुनै ठोस कार्ययोजना/ठोस मुद्दालाई अगाडि ल्याएको देखिन्न ।

तर चुनावमा होमिएका इन्जिनियरिङ संघसंगठनहरुले आधुनिकीकरण भैइरहेको समयमा समयानुकुल कसरी इन्जिनियरिङ पेशालाई थप बलियो बनाउन सकिन्छ भन्ने कुरामा विशेष ध्यान पुर्याउनु पर्छ । देशको विकासमा महत्त्वपूर्ण भूमिका रह्ने ईन्जिनियरिङ पेशामा प्रयोग हुने नयाँ प्रविधिले भौतिक विकासलाई छिटोछरितो तथा जनतामुखी बनाई सुशासनको प्रभुत्व अनुभव हुनेमा महत्त्वपूर्ण योगदान पुर्याउँछ । यसरी दिन प्रतिदिन आधुनिकीकरण हुँदै गरेको प्रविधिलाई हाम्रो विकासमा प्रयोग गर्नका लागि हाम्रो देशको ईन्जिनियरहरु पनि दक्ष हुनु पर्छ । दक्ष प्राविधिक जनशक्तिका लागि ईन्जिनियरिङ संघसंगठनले उत्थान गर्नै पर्ने विभिन्न मुद्दाको बारेमा यहाँ चर्चा गरिएको छ ।

१) नेपाल ईन्जिनियरिङ सेवा २०५१ : दिन प्रतिदिन आधुनिकीकरण हुँदै गएको टेक्नोलोजीसँग मेल खानेगरि आजभन्दा ३० वर्ष पहिला बनाइएको ईन्जिनियरिङ सेवा ऐनलाई संशोधन गर्नुपर्ने आवश्यक छ । ईन्टरनेट पनि राम्रोसँग विकास नभएको समयको ऐनले आज आर्टिफिसियल ईन्टेलिजेन्स तथा मेसिन लर्निङ्गको विकास भएको समयसँग कुनै पनि हालतमा प्रतिस्पर्धा गर्न सक्दैन ।

२) ईन्जिनियर पदमा कार्य गर्नका लागि काउन्सिलमा दर्ता हुनुपर्ने : अहिले नेपाल सरकारकै विभिन्न निकायमा ईन्जिनियरिङ काउन्सिलमा दर्ता नभएकोलाई ईन्जिनियरिङ पद बढुवा गरी नियुक्ति दिने गरेको छ ।

३) व्यावसायिक ईन्जिनियर हुनुपर्ने : कार्यालय प्रमुख वा उपसचिवदेखि माथिल्लो पदमा कार्यरत ईन्जिनियरले व्यावसायिक ईन्जिनियर (प्रोफेसनल इन्जिनियर) मा अनिवार्य दर्ता गराएको हुनु पर्ने ।

४) ईन्जिनियरको प्रमुख ईन्जिनियर नै हुनुपर्ने : स्थानीय तहमा कार्यरत इन्जिनियरकै आदेशमा ईन्जिनियरिङ सम्बन्धित कामको भुक्तानी हुनुपर्ने अर्थात प्राविधिक कार्यको भुक्तानीमा प्रशासकीय प्रमुखको संलग्नता नहुनुपर्ने ।

५) इन्जिनियरिङसँग सम्बन्धित मन्त्रालयको मन्त्री ईन्जिनियर नै हुनुपर्ने : गैरईन्जिनियर मन्त्री हुँदा प्राविधिकसम्बन्धि ज्ञान र सिपको कमीले गर्दा बिचौलिया हाबी हुने अथवा कुनै खास व्यक्ति विशेषको निर्देशनमा काम गर्दा मन्त्रालयको हकहित भन्दा कुनै खास समूहको स्वार्थका लागि कार्य हुने गरेको देखिन्छ ।

६) ईन्जिनियरिङ कलेजमा कार्य गर्ने प्राध्यापक/लेक्चर पनि व्यावसायीक ईन्जिनियरमा दर्ता हुनु पर्ने ।

७) डिटेल प्रोजेक्ट रिपोर्टमा भएको त्रुटिको कारणले नेपाल सरकार/क्लाइन्टलाई हुने घाटामा सम्बन्धित कम्पनीलाई कार्वाही गर्नुपर्ने ।

८) ईन्जिनियरिङ पेशालाई बदनाम गर्ने मनसायले खोलिएको कफी सोप/रेस्टुरेन्ट ईत्यादीलाई बन्द गराउनु पर्ने ।

९) भ्रष्टाचारमा अदालतबाट दोषी करार भएका ईन्जिनियरको लाइसेन्स खारेजी हुनुपर्ने ।

११) ईन्जिनियरको मासिक न्यूनतम् तलब ८०,००० हुनुपर्ने ।

१०) निर्माण स्थलमा safety first सिद्धान्तलाई अनिवार्य लागू गर्ने ।

(गोपालवंशी एक यथार्थवादी लेखक हुन् ।)

## 'कोशी प्रदेश'विरुद्ध जसपा नेपालले गठन गर्यो संघर्ष समिति

काठमाडौं । जनता समाजवादी पार्टी नेपालले कोशी प्रदेशको नाम खारेजीको लागि आन्दोलन परिचालन एवं समन्वय गर्न नौ सदस्यीय संघर्ष समिति गठन गरेको छ ।

कोशी प्रदेश नामाकरणको विरुद्धमा भईरहेको राष्ट्रिय पहिचानको आन्दोलनलाई समन्वय गरि आन्दोलनलाई निर्णायक तहमा पुर्याउन उक्त समिति घोषणा गरिएको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले बताए ।

जसपा नेपाल कार्यकारिणी समिति सदस्य एवं पूर्व शान्तिमन्त्री रकम चेम्जोंगको संयोजकत्वमा आन्दोलन परिचालन समिति गठन गरिएको हो । आदिवासी जनजाति समुदायमा रुचाईएका र पहिचानवादी समुदायहरुबीच समन्वय गर्न सक्ने तथा आन्दोलनलाई परिणामसम्म पुर्याउन सक्ने क्षमता भएकोले चर्चित नेता चेम्जोंगलाई आन्दोलनको कमाण्डर तोकिएको अध्यक्ष यादवले बताए ।

संघर्ष समितिको सदस्यमा जसपा नेपाल प्रदेश नं. १ का अध्यक्ष दिपक याख्या, विदेश इन्चार्ज डा. केके राई, संगठन विभाग सचिव लाक्पा शेर्पा, पहिचानवादी नेताहरु राजकुमार राई, जयराम यादव, सशी लिङदेन, कुन्ता राई र मच्छिन्द्र वेगा रहेका छन् ।

यही साउन २७गते सुरु भई ३० गते ललितपुरको सानागाउँमा सम्पन्न चार दिवसीय जसपा नेपालको केन्द्रीय समिति बैठकले उक्त संघर्ष समिति घोषणा गरेको थियो । यद्यपि, केही सदस्यहरुको नाम थपेर बिहिबार समितिले पूर्णता पाएको छ ।

पूर्वी नेपालमा पहिचानका आधारित आन्दोलन समुदायगत र स्वस्फूर्त ढंगले हुँदै आएपनि पार्टीगत रुपमा कोशी प्रदेश नाम खारेजीको लागि कमाण्डर तोकेर संघर्ष समिति गठन भएको यो पहिलो पटक हो ।

कोशी प्रदेशको नाम खारेज गरी पहिचानको आधारमा प्रदेशको नामाकारण हुनुपर्ने आवाज उठाउँदै भएका हरेक आन्दोलनको समर्थनमा जसपा नेपाल उभिँदै आएको छ ।

## मधेश अपडेट

### जटही सीमा पोस्टमा झण्डा फहराइयो

जनकपुरधाम । भारतको ७८औं स्वतन्त्रता दिवसको अवसरमा धनुषाको जटही सीमा नाकास्थित सशस्त्र सीमा बल जटही पिपरौन चेक पोस्टमा झण्डा फहराएर स्वतन्त्रता दिवस मनाइएको छ । सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालय, अस्पताल, प्रहरी चौकी, हाईस्कुल, बैंक, हुलाक कार्यालय, इन्स्पेक्टरको कार्यालयलगायत सरकारी तथा गैरसरकारी कार्यालयमा झण्डा फहराई स्वतन्त्रता दिवस मनाइएको हो । सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालयका प्रमुख सुनिल दत्तको अध्यक्षतामा भएको झण्डोत्सव कार्यक्रममा नेपाल-भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष तथा राष्ट्रिय मुक्ति क्रान्ति अभियानका नेता डा.राजीव झा र बाहिनीका प्रमुख इन्सपेक्टर दत्तले संयुक्तरूपमा नेपाल-भारतको सीमा जटहीमा भारतको झण्डा फहराइएको थियो । उक्त कार्यक्रममा नेपालको तर्फबाट नेपाल-भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष डा.झा, नेपाल प्रहरीका वरिष्ठ सई सुरेन्द्र खेरवार, सशस्त्र प्रहरी सई शिव खवास र भारतको तर्फबाट सीमा सुरक्षा बलको ४८ वि बाहिनी पिपरौन कार्यालयका प्रमुख इन्स्पेक्टर सुनिल दत्त, जयनगर कार्यालयका इनस्पेक्टर अंकुर मिश्रका साथै एलसीएस पिपरौन कार्यालयबाट सञ्जय कुमारको उपस्थिति रहेको थियो । नेपाल र भारतबीच पौराणिक सम्बन्धका साथै छिमेकी देश रहेकै कारण नेपालबाट पनि भारतलाई शुभकामना दिनेको ओइरो नै लागेको हुन्छ । यसै अवसरमा भारतको तर्फबाट नेपालस्थित गैरनाफामूलक विभिन्न संघ संस्थालाई एम्बुलेन्स, स्कुल बस प्रदान गर्दै आएको छ ।

### सीमा क्षेत्रमा बृहत् सरसफाइ अभियान

कपिलवस्तु । नेपाल र भारतबीचको सीमामा पर्ने दशगजामा लामो समयदेखि सङ्कलित फोहोरको समस्यालाई समाधान गर्न नेपाल र भारतका सुरक्षा निकायहरूले संयुक्त रूपमा वृहत् सरसफाई अभियान चलाएका छन् । कृष्णनगर-बढनी क्षेत्रको दशगजामा सम्पन्न यस अभियानमा दुवै देशका सुरक्षा अधिकारीहरू, सङ्घसंस्था, स्थानीय व्यापारी, समाजसेवी, र पत्रकारहरूको सक्रिय सहभागिता रहेको थियो। नेपालका तर्फबाट सशस्त्र प्रहरी बल नेपाल, सीमा सुरक्षा गुल्म कृष्ण नगरका स.प्र.ना.उ. शैलेन्द्र न्यौपाने र ईलाका प्रहरी कार्यालय कृष्ण नगरका प्रहरी निरीक्षक सुरज खत्रीको नेतृत्वमा यो अभियान सञ्चालन गरिएको थियो । यस्तै, भारतका तर्फबाट असिस्टेन्ट कमाण्डर दिनेश कुमारले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । कृष्णनगर नगरपालिकाको आयोजनामा सम्पन्न यस सरसफाई अभियानमा वडा न-२ का वडाध्यक्ष कृष्ण कुमार गुप्ता पनि सहभागी थिए। स्थानीय समुदायले यस सरसफाई अभियानको सराहना गर्दै यो अभियानले सीमा क्षेत्रमा दुवै देशबीचको सहयोग र सद्भावलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छन् ।

### नेपालको पर्यटनसँग विश्वले प्रतिस्पर्धा गर्न सक्दैन, ब्रान्डिङ गर्नुपर्छ : चौधरी

कैलाली । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण कुमार चौधरीले नेपालको बिकासको प्रमुख आधार पर्यटन भएको बताएका छन् । थारु समुदायले मनाउने कार्यक्रम गुरही पर्वको अबसरमा कैलालीमा भएको एक कार्यक्रमलाई सम्बोधन गर्न पुगेका राज्यमन्त्री चौधरीले नेपालका पर्यटकीय गन्तव्यको ब्रान्डिङ गर्नुपर्ने बताएका हुन् । राज्यमन्त्री चौधरीले भने, 'नेपालको जस्तो अनौठो र विविधताले भरिएको संस्कृति विश्वका कुनै देशमा छैनन् । नेपालको जस्तो सुन्दर र रमणीय पर्यटकीय गन्तव्य अन्य कुनै देशमा छैन् । त्यसैले मलाई लाग्छ विश्वका कुनै पनि देशले नेपालको पर्यटनसँग प्रतिस्पर्धा गर्न सक्दैन् ।' यहाँको पर्यटकीय क्षेत्रलाई ब्रान्डिङ गर्न सके नेपाल विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बन्ने र देशको आर्थिक सम्बृद्धि हुने राज्यमन्त्री चौधरीको तर्क छ । 'अब हामीले यहाँको हरेक पर्यटकीय गन्तव्यको पहिचान, त्यसको प्रबर्द्धन, संरक्षण र प्रचारप्रसार गर्नुका साथै घुम्न आउने आन्तरिक तथा वाह्य पर्यटकहरुका लागि सुरक्षा देखि लिएर हरेक सेवा सुविधाको उचित व्यवस्थापन गर्नुपर्छ', उनी भन्छन्, 'त्यसका लागि सरकारले पर्यटन क्षेत्रमा लगानी बढाउनु पर्छ । किनकी, विश्व बजारले नेपालको जुन क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्दैन् । हामीले त्यही क्षेत्रमा फोकस गरेर बिकासका अबधारणा अघि बढाए मात्रै देश धनी हुन्छ । आर्थिक रुपमा अब्बल हुन्छ ।'


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# उद्योगमन्त्री भण्डारीको भारत भ्रमण कति उपलब्धिमूलक ?

काठमाडौं । बिमिस्टेक सम्मेलनका लागि पाँच दिने औपचारिक भारत भ्रमण सम्पन्न गरेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी स्वदेश फर्किएका छन् ।

सो क्रममा मन्त्री भण्डारीले भारतीय समकक्षी वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल र पेट्रोलियम एवं प्राकृतिक ग्याँस मन्त्री हरदीप सिंह पुरीसँग भेटघाट गरी द्विपक्षीय हित तथा सम्बन्धका विषयमा छलफल गरेका थिए ।

यसका साथै उनले विसाखापट्टनम पोर्ट र कलकत्ता पोर्टको अवलोकन गरेका थिए । कलकत्तास्थित महावाणिज्यदूतावासको निरीक्षण गरि दूतावासको काम कारबाहीलाई थप प्रभावकारी बनाउन निर्देशन दिए ।

मन्त्री भण्डारीको भारत भ्रमणका बिषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले एक प्रेस विज्ञप्ती जारि गर्दै भ्रमणको उपलब्धीका बिषयमा जानकारी गराएको छ ।

विज्ञप्तीमा उल्लेख भए अनुसार २३ साउनमा बिमिस्टेकको सम्बोधन गर्दै मन्त्री भण्डारीले बिमिस्टेकले भू-परिवेष्टित राष्ट्रको समुद्रसम्मको पहुँचको अधिकार सुनिश्चित गर्दै कनेक्टिभिटि, लगानी तथा क्षेत्रीय व्यापार विस्तारमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिएको बताइएको छ ।



यसैगरी भारतीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलसँगको भेटमा नेपाल भारतबीचका विभिन्न संयन्त्रहरुलाई क्रियाशील बनाउनुपर्ने, अन्तर सरकारी समितिको बैठक चाँडै आयोजना गर्ने, नेपाली निर्यातकर्ताले भोगेका कठिनाइका सम्बन्धमा सहजीकरण गर्ने, भारतले नेपाललाई उपलब्ध गराएको कोटा बमोजिमको खाद्यान्न सीमा क्षेत्रको मूल्यमा उपलब्ध गराउने र खाद्यान्नमा भारत सरकारको तर्फबाट लगाइएको निकासी शुल्क हटाउने विषयमा मन्त्री भण्डारीले जोड दिए ।

भारतका वाणिज्य तथा उद्योग मन्त्री गोयलले कोटा बमोजिमको खाद्यान्न नेपालमा आयात गर्न आवश्यक सबै प्रकारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुका साथै नेपाललाई आवश्यक पर्ने सबै प्रकारका खाद्यान्न भारतले उपलब्ध गराउने प्रष्ट पारे ।

साथै, उनले नेपाली निर्यातकर्ताले भोगेका समस्या समाधान गर्ने, द्विदेशीय संयन्त्रहरुलाई क्रियाशील बनाउने, सचिवस्तरीय बैठकलाई उच्च प्राथमिकता दिई छिट्टै आयोजना गर्ने कुरामा आफूले अधिकतम् पहल गर्ने विश्वास दिलाए ।

पेट्रोलियम एवं प्राकृतिक ग्याँस मन्त्री हरदीप सिंह पुरीसँगको भेटमा मन्त्री भण्डारीले पेट्रोलियम पाइपलाइन विस्तार तथा भण्डारण सम्बन्धी पूर्वाधार भारत सरकारको अनुदान सहयोगमा निर्माण गर्ने व्यवस्थाका लागि अनुरोध गरे । निर्माणाधीन आयोजनाहरु समयमा सम्पन्न गर्न सम्बन्धित निकायलाई थप क्रियाशील बनाउने विषयमा समेत छलफल भएको छ ।

पेट्रोलियम मन्त्री पुरीले नेपालको अनुरोधलाई कार्यान्वयन गर्न सकारात्मक प्रयास गर्ने वचनबद्धता व्यक्त गरेका थिए । २४ साउनमा मन्त्री भण्डारी र प्रतिनिधिमण्डलका सदस्य, नेपाल आयल निगमका कार्यकारी निर्देशक तथा प्रशासन विभाग प्रमुख सहितको टोलीले दिल्लीस्थित भारतीय आयल निगमको निरीक्षण गरी त्यहाँको पूर्वाधार तथा सेवा प्रवाह प्रणालीको विषयमा जानकारी लिएको छ ।

सो अवसरमा भारतीय अधिकारीहरुले नेपालको ट्रेड लजिस्टिक खर्च घटाउने विषयमा कार्य भइरहेको र नेपाली प्रतिनिधिमण्डलको अनुरोध बमोजिम उक्त खर्च थप घटाउने विषयमा आफूहरुले कलकत्तास्थित नेपाली महावाणिज्य दूतावासका पदाधिकारीहरुसँग छलफल गर्ने बताए ।

# बंगलादेशमा हिन्दु तथा बौद्धमाथि हिंसा विरूद्ध माइतीघरमा विरोध प्रदर्शन

काठमाडौं । बंगलादेशमा हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूमाथि जारी हिंसा विरुद्ध काठमाडौंको माइतीघर मण्डलामा एक व्यापक विरोध प्रदर्शन सम्पन्न भएको छ।

राष्ट्रिय एकता अभियानको आयोजनामा सम्पन्न यस कार्यक्रममा विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको समन्वय अभियानका अध्यक्ष विनय यादवले गरेका थिए।

प्रमुख वक्ताका रूपमा अभियानका वरिष्ठ नेता बीपी यादवले बंगलादेशमा हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको हिंसालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने आवश्यकता औंल्याए। उनले भने, "धार्मिक असहिष्णुताको यो घटना मानवीय हकका लागि घातक हो। यसमा हाम्रो सरकारले पनि चुप लागेर बस्नु हुँदैन।"

विश्व हिन्दू महासंघका महासचिव रामचन्द्र तिवारीले पनि बंगलादेशमा भइरहेको हिंसाको कडा निन्दा गर्दै नेपालका हिन्दूहरूले एकजुट भएर अन्तर्राष्ट्रिय दवाव सृजना गर्नुपर्नेमा जोड दिए। उनले भने, "यो समय सबै हिन्दूहरू एक ठाउँमा उभिनुपर्ने बेला हो। हाम्रो धार्मिक सहिष्णुता र अस्तित्वमाथि खतरा मडारिरहेको छ।"

धार्मिक नेता केशव चौलागाईंले यस किसिमको हिंसा रोक्नका लागि अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गर्ने प्रयास गर्नुपर्ने बताए। "धर्मका नाममा भइरहेको यो हिंसालाई रोक्न हामी सबैले प्रयास गर्नुपर्छ। यो मानवता विरुद्धको अपराध हो," उनले भने।

मानव धर्मसेवा समितिका इन्चार्ज सागर कटुवालले पनि कार्यक्रममा सम्बोधन गर्दै धार्मिक हिंसा विरुद्धको एकता र संकल्पलाई प्रगाढ बनाउनुपर्ने बताए। उनले भने, "धार्मिक हिंसाको विरुद्ध हामी सबैले सामूहिक प्रयास गर्नुपर्छ। यो हाम्रो कर्तव्य हो।"

यस विरोध कार्यक्रममा इस्कॉनका प्रतिनिधिहरू पनि सहभागी भएका थिए। उनीहरूले बंगलादेशमा भइरहेको धार्मिक हिंसालाई रोक्न अन्तर्राष्ट्रिय समुदायले कदम चाल्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमका सहभागीहरूले बंगलादेशमा हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको निरन्तर हिंसा र अत्याचारको कडा निन्दा गर्दै त्यसको तत्काल अन्त्यको माग गरे।

विरोध प्रदर्शनमा उपस्थित सबै वक्ताहरूले बंगलादेशमा जारी धार्मिक हिंसाको विरोधमा आवाज उठाउन आग्रह गरे र नेपालमा पनि हिन्दू धर्म र संस्कृति बचाउन सबैलाई एकजुट हुन आह्वान गरे। कार्यक्रममा सहभागीहरूले धार्मिक सहिष्णुताको महत्वलाई पुनः बलियो बनाउँदै आ-आफ्नो तर्फबाट योगदान दिने प्रतिज्ञा गरे।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**गौर नगरपालिका**

रौतहट, मधेश प्रदेश


## संक्षिप्त समाचार

### उद्योगमन्त्रीद्वारा विशाखापट्टन पोर्टको अनुगमन

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले भारतको आन्ध्र प्रदेशस्थित विशाखापट्टनम पोर्टको अनुगमन गरेका छन् । अनुगमनका क्रममा मन्त्री भण्डारीले त्यहाँका आयात नियमन गर्ने पोर्टका आधिकारिक व्यक्ति र शिपिङ कम्पनीसँग अन्तरक्रियासमेत गरेका छन् । त्यस अवसरमा मन्त्री भण्डारीले आयात तथा निर्यातकर्तासँग नेपाल आयात हुने वस्तु तथा सेवा र निर्यातका पक्षबारे छलफल गरेका थिए । उनलाई आयात तथा निर्यातकर्ताले नेपाल सरकारले गर्नुपर्ने आवश्यक सहायताका विषयमा ध्यानाकर्षण गराए । मन्त्री भण्डारीले आयात तथा निर्यातमा नेपाल सरकारका तर्फबाट हुने आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउँदै भारत सरकारसँग पनि आवश्यक सहयोगका लागि पहल गर्ने बताए ।

### मधेशका मुख्यमन्त्री सिंहले गरे सबै राज्यमन्त्रीलाई बर्खास्त

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश प्रदेश सरकारमा रहेका ८ जना राज्यमन्त्रीलाई बर्खास्त गरेका छन् । उनले सबै राज्यमन्त्रीलाई हटाउनका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गरेका हुन् । मधेश प्रदेश सरकारले ठूलो आकारको मन्त्री मण्डल बनाएको भन्दै चर्को आलोचना भएपछि मुख्यमन्त्री सिंहले सबै राज्यमन्त्रीहरूलाई हटाउनका लागि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी समक्ष सिफारिस गरे । गत साउन २२ गते प्रदेश सरकारमा थप पाँच जना राज्यमन्त्री थप गरेर मुख्यमन्त्री सहित ११ मन्त्री र ८ राज्यमन्त्री गरेर २० सदस्यीय मन्त्री मण्डल बनेपछि यसको सबैतिरबाट आलोचना भएका थिए ।

### ससुराको हत्या गर्ने ज्वाइँ पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-७ रामटोल बस्ने ६५ वर्षीय सिताराम सर्राफको हत्या गरेको अभियोगमा उनकै ज्वाइँ पक्राउ परेका छन् । सोही महानगरपालिका-१० प्रगती टोल डेरा गरी बस्ने बारा कलैया उपमहानगरपालिका-१ राजदेवी टोल घर भएका ३१ वर्षीय साजन सर्राफलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । उनीहरूबीच झैझगडा एवम् कुटपिट हुँदा गम्भीर घाइते भएका सितारामको नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### श्रीमतीको हत्या गर्ने श्रीमान पक्राउ

मोरङ । आफ्नै श्रीमती ४१ वर्षीया पबित्रा फुयाल नेपालको हत्या गरेको अभियोगमा श्रीमान पक्राउ परेका छन् । सुन्दरहरैचा नगरपालिका-१० बागझोडा बस्ने ५८ वर्षीय लक्ष्मण नेपाललाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घरायसी विवादको क्रममा लक्ष्मणले एक्कासी खुकुरी प्रहार गर्दा गम्भीर घाइते भएकी पबित्राको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको थियो ।

### पोखरीमा डुबेर किशोरको मृत्यु

सप्तरी । राजबिराज नगरपालिका-६ स्थित पुर्णी पोखरीमा डुबेर सोही ठाउँ बस्ने निरज मण्डलको छोरा १३ वर्षीय नविन मण्डलको आइतबार दिउँसो मृत्यु भएको छ । पोखरीमा डुबेको भन्ने खबर प्राप्त हुनासाथ नेपाली सेना, वडा प्रहरी कार्यालय सप्तरी, सशस्त्र प्रहरी बल राजबिराजबाट खटिएको संयुक्त टोलीले उद्दार गरी उपचारको लागि छिन्नमस्ता अस्पताल राजबिराज पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।

### २४ वर्षदेखि फरार रहेका प्रतिवादी पक्राउ

सर्लाही । चोरी मुद्दाका २४ वर्षदेखि फरार रहेका प्रतिवादी सर्लाही साविक नेत्रगंज गाविस-२ बस्ने लालसागर पासवानलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत कास्कीको २०५८ असार १२ गतेको फैसलाले १ महिना १५ दिन कैद सजाय र ४५ हजार ८ सय ३२ रूपैयाँ ५० पैसा जरिवाना ठहर भई फरार रहेका उनलाई इलाका प्रहरी कार्यालय लालबन्दी सर्लाहीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत सर्लाहीमा पेश गरिएको छ ।

### ६२ किलोग्राम गाँजा बरामद

बारा । जितपुरसिमरा उपमहानगरपालिका-१ पथलैया चोकस्थित सडकबाट अवैध लागूऔषध गाँजा ६२ किलोग्राम प्रहरीले बरामद गरेको छ । मंगलबार दिउँसो प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीले हेटौंडाबाट वीरगंजतर्फ जाँदै गरेको ना १ ज ८४५८ नम्बरको हाइसलाई जाँच गर्न खोज्दा हाइसबाट ४ वटा पोका फाली हाइस फरार भएपश्चात पोकामा रहेको उक्त परिमाणको गाँजा बरामद भएको हो । साथै हाइसको पिछा गर्ने क्रममा घटनास्थलबाट केही पर चालक विहीन अवस्थामा प्रहरीले उक्त हाइस समेत नियन्त्रणमा लिएको छ । प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुको साथ यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सहकारी पीडितको मृत्यू भएकोप्रति महतोले गराए सरकारको ध्यानाकर्षण

काठमाडौं । सहकारी पीडितको उपचार अभावमा मृत्यू भएका प्रति राष्ट्रिय मुक्ति क्रान्तिले सरकारको ध्यानाकर्षण गराएको छ । क्रान्तिका संयोजक राजेन्द्र महतोले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै सहकारी पीडित काठमाडौं शंखमुल बस्ने राजेन्द्र स्थापितको मृत्यूप्रति दु:ख व्यक्त गर्दै सरकारको ध्यानाकर्षण गराएको हो । रकम अभावले गर्दा उपचारको क्रममा स्थापितको साउन २६ गते शनिबार वीर अस्पतालमा निधन भएको थियो । स्थापित काठमाडौंको न्युरोडस्थित युवा बचत तथा ऋण बहुउदेश्यीय सहकारीमा करिब १ करोड ३६ लाख रुपैंया बचत गरेर राखेका छन् । तर उक्त सहकारीले स्थापितको रकम ठगी गरि समयमा पैसा नदिदाँ स्थापितले अस्पताललाई ५ लाख रुपैंया तिर्न नसक्दा उनको निधन भएको थियो ।

महतोले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'करोडौं रुपैयाँ बचत जम्मा गरेर राखेको भएपनि समयमै सहकारीबाट पैसा नपाउँदा रकम अभवकै कारणले स्थापितले मृत्युवरण गर्नुपरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । आफ्नै बचतको पैसा फिर्ता नदिदा पैसाकै अभावमा देशको एकजना सचेत नागरिकले मृत्युवरण गर्नु परेको छटना अत्यन्त दुर्भाग्यपूर्ण रहेको र छटनामा निज मृतकले रकम बचत राखेको सहकारी र अस्पतालको समेत त्रुटी देखिन्छ । तसर्थ यसको सुक्ष्म अनुसन्धान गरि दोषीमाथि अविलम्ब कडा भन्दा कडा कारवाहीको लागि सरकार सँग माग गर्दछौं । साथै देशैभरीका बचतकर्ताहरुको पैसा असुरक्षित हुँदै गएको परिस्थिति निर्माण हुँदै गइरहेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यसरी ठगी गर्ने सहकारी संचालकहरुलाइ अविलम्ब कारवाहीको दायरामा ल्याउन तथा सहकारीमा बचत गरेका जनताको पैसा पुर्ण सुरक्षाको प्रत्याभूत गर्न सरकार संग माग गर्दछौं ।'

## विश्व परिवेश

# भारत-श्रीलंकाको १० औं संयुक्त सैन्य अभ्यास 'मित्र शक्ति' सुरू



भारत-श्रीलंका संयुक्त सैन्य अभ्यास 'मित्र शक्ति'को दशौं संस्करण सोमबार (अगस्त १२, २०२४) सुरु भएको छ, जसले दुई देशबीचको निकट रक्षा सहयोगको अर्को अध्याय थपेको छ। १२-२५ अगस्ट २०२४ बीच आयोजना गरिने यो अभ्यास श्रीलंका स्थित आर्मी ट्रेनिंग स्कूल, मदुरु ओया मा भइरहेको छ।

रक्षा मन्त्रालयका अनुसार, संयुक्त अभ्यासको उद्देश्य दुवै पक्षको संयुक्त सैन्य क्षमतालाई सुधार गर्नु हो ताकि उनीहरू संयुक्त राष्ट्र संघको मण्डेटको अध्याय ७ औं अन्तर्गत उप-संविधानिक परिदृश्यमा विद्रोही कारबाही सञ्चालन गर्न सक्षम हुन्। यो अभ्यासले अर्ध-शहरी वातावरणमा सञ्चालन गर्ने कुरामा ध्यान केन्द्रित गर्नेछ, मन्त्रालयले थप जानकारी दिएको छ।

अभ्यासको विस्तृत कार्यसूची छ। अभ्यास गरिने रणनीतिक ड्रिलहरूमा आतंकवादी कार्यको प्रतिक्रिया, संयुक्त कमान्ड पोस्टको स्थापना, र खुफिया र निगरानी केन्द्रको स्थापना समावेश छन्। सहभागीहरूले हेलिप्याड/ल्यान्डिंग साइटको सुरक्षा, साना टोलीहरूको समावेश र निकासी, विशेष हेलिबोर्न अपरेसन्स, फर्न र खोज अपरेसन्स, साथै ड्रोन र काउन्टर ड्रोन सिस्टमहरूको प्रयोगमा पनि भाग लिनेछन्।

भारतीय टोलीमा १०६ कर्मचारी छन् र यसमा राजपुताना राइफल्सको एक बटालियन र अन्य शाखा र सेवाका कर्मचारीहरू समावेश छन्। श्रीलंकाली टोलीलाई श्रीलंकाली सेनाको गजाबा रेजिमेन्टका कर्मचारीहरूले प्रतिनिधित्व गरेका छन्।

“अभ्यास मित्र शक्ति दुवै पक्षलाई संयुक्त अपरेसन्सको रणनीति, प्रविधिहरू र प्रक्रियामा सर्वोत्तम अभ्यासहरू साझेदारी गर्न सक्षम बनाउनेछ। यसले दुवै सेनाहरू बीच अन्तर-क्रियाशीलता, मित्रता र सद्भावना विकास गर्न मद्दत गर्नेछ। संयुक्त अभ्यासले रक्षा सहकार्यलाई पनि बढावा दिनेछ, जसले दुई मित्र राष्ट्रबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनेछ,” रक्षा मन्त्रालयले भने।

संयुक्त अभ्यास मित्र शक्ति एक वार्षिक प्रशिक्षण कार्यक्रम हो जुन भारत र श्रीलंकामा वैकल्पिक रूपमा सञ्चालन गरिन्छ। यस अभ्यासको अघिल्लो संस्करण १६ देखि २९ नोभेम्बर २०२३ सम्म पुणेको आउंधमा सम्पन्न भएको थियो। *-इण्डिया न्यूज नेटवर्क*

# बंगलादेशको अन्तरिम सरकारलाई समावेशी हुन संयुक्त राष्ट्रसंघको आग्रह

न्युयोर्क। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले बङ्गलादेशमा संसदीय चुनावको आह्वान गर्दै अन्तरिम सरकारलाई समावेशी हुन आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घका प्रमुखले महिला तथा अल्पसङ्ख्यक समुदायलाई निर्वाचनमा समावेश गर्न आग्रह गर्नुभएको हो।

“महासचिव गुटेर्रेसले अन्तरिम सरकारको समर्थनमा बङ्गलादेशमा शान्ति पुनर्स्थापना गर्न संसदीय निर्वाचनको प्रयासलाई स्वागत गर्नुभएको छ,” महासचिवका उप-प्रवक्ता फरहान हकले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

“उहाँले महिला, युवा, अल्पसङ्ख्यक, आदिवासी समुदाय साथै सम्पूर्ण जनताको आवाजलाई ध्यानमा राख्दै समावेशिताको हरेक प्रयास जारी राख्न अन्तरिम सरकारलाई आग्रह गर्नुभयो।”

बढ्दो विरोधका बीच आवामी लिगकी नेतृ शेख हसिनाले अगस्ट ५ मा प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि बङ्गलादेशले हाल अस्थिर राजनीतिक अवस्थाको सामना गरिरहेको छ।

मुख्यतया सरकारी जागिरका लागि आरक्षण प्रणाली अन्त्य गर्न माग गर्दै विद्यार्थीको नेतृत्वमा भएको विरोध प्रदर्शन पछि सरकार विरोधी प्रदर्शनमा परिणत भएको थियो।

देशमा चलिरहेको हिंसाको क्रममा बेपत्ता भएका परिवारका सदस्यहरूको पोस्टर लिएर विरोध प्रदर्शन गरिरहेका अल्पसङ्ख्यक हिन्दू समुदायका सदस्य र बङ्गलादेशी सेनाबीच मङ्गलबार झडप भएको थियो।

बङ्गलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार, नोबेल पुरस्कार विजेता मुहम्मद युनुसले मङ्गलबार ढाकाको ऐतिहासिक ढाकेश्वरी मन्दिरको भ्रमण गर्दै अल्पसङ्ख्यकहरूलाई देशमा सुरक्षा कायम गर्ने आश्वासन दिनुभएको छ। रासस /एएनआई




## जिल्ला समाचार

### ग्रासरूट क्षेत्रमा पनि नेतृत्व हस्तान्तरण गर्दै जानुपर्छः पूर्वमन्त्री चौधरी

इटहरी। पूर्वमन्त्री एवं नेकपा एमालेका केन्द्रीय सदस्य भगबती चौधरीले स्थानीय स्तरमा पनि नेतृत्व हस्तान्तरण हुँदै जानुपर्ने बताएकी छन्। नेकपा एमाले बर्जु गाउँपालिका वडा नम्बर ६ को वडा कमिटीको दोस्रो वडा अधिवेशनलाई सम्बोधन गर्दै उनले त्यस्तो बताएकी हुन्। सुनसरी क्षेत्र नम्बर ३ का सांसद समेत रहेका नेता चौधरीले राम्रो काम गर्नेहरूलाई अवसर दिनुपर्ने बताइन्। 'पार्टीलाई लगानी गर्न सक्ने व्यक्तिलाई विशेष ग्राह्यता दिनुपर्छ। लगानी भनेको पैसा मात्रै होइन। समय पनि दिन सक्ने व्यक्तिलाई विशेष ग्राह्यता दिनुपर्छ। पुराना पुस्ताले नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्दै जानुपर्छ', पूर्वमन्त्री चौधरीले भनिन्, 'नेतृत्व पनि हस्तान्तरण गर्दै जाओस्। किनभने गाउँ-गाउँमा नयाँ नेतृत्व स्थापित हुनुपर्छ। एकजना भगबती चौधरी मात्रै नेता बनेर हुँदैन। भगबती चौधरी जस्ता धेरै व्यक्तिहरू उत्पादन हुनुपर्छ।' छरिएर रहेका र ग्रासरूटमा रहेका नेतृत्वको पनि खोजी गर्नुपर्ने उनको भनाई थियो। तल्लो कमिटीमा छोटो अवधि राख्नुको कारण नै नेतृत्व हस्तान्तरण गर्दै जाने उद्देश्य रहेको नेता चौधरीले बताइन्। यसैगरी पूर्वमन्त्री चौधरीले महिला, लैङ्गिक समानताको पक्षमा काम गर्न तालिम, प्रशिक्षणको व्यवस्था गरिएको बताए। आफू छोटो समय मन्त्री बनेपनि बढी भन्दा बढी महिला, ज्येष्ठ नागरिकको पक्षमा काम गर्ने कोसिस गरेको उनको भनाई थियो। अर्को प्रसङ्गमा मन्त्री चौधरीले स्थानीय क्षेत्रमा पनि पर्यटकीय विकासका निम्ति सबैले पहल गर्नुपर्ने बताइन्। उनले भनिन्, 'हामीले पर्यटकीय विकासका निम्ति बजेट, योजना ल्याउँछौं। तर त्यहाँ गरिए खर्चले प्रतिफल दिनेगरी अन्य आवश्यक कामहरू पनि गर्नुपर्छ। हामीले विभिन्न संरचनाहरू निर्माण गरेका छौं। ती संरचनाहरूलाई पनि कसरी प्रयोग गर्ने त्यसको लेखाजोखा गर्न आवश्यक छ।' आफू महिला मन्त्री हुँदा छोरी आत्मनिर्भर कार्यक्रमको अवधारणाले ल्याएको भन्दै उनले त्यो कार्यक्रमले छोरी-बुहारीलाई आत्मनिर्भर बनाउने बताइन्। 'प्रत्येक वडामा केही गर्न चाहने छोरी-बुहारीहरूका निम्ति २ लाखको दरले बिउ पुँजी दिने। जसलाई तालिम पनि दिने। जसको कारणबाट हाम्रा छोरी-बुहारीहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न सक्छन्', पूर्वमन्त्री चौधरीले भनिन्।

### तौलिहवा अस्पतालमा १ करोड ६ लाखको समाग्री उपलब्ध

इमरान खान, कपिलवस्तु। जिल्लाको सदरमुकाम तौलिहवास्थित कपिलवस्तु अस्पतालमा जसपा अध्यक्ष युवा नेता इरफान खानको अथक प्रयास र वरिष्ठ मे.सु. किशोर बन्जाडेको सहयोगमा १ करोड ६ लाख २८ हजार ९९४ रुपैयाँ बराबरको स्वास्थ्य समग्री उपलब्ध गराएका छन्। वरिष्ठ मे.सु. डाक्टर किसोर बन्जाडेको सहयोग र जसपा जिल्ला अध्यक्ष एंव युवा नेता इरफान खानको नेतृत्वमा कपिलवस्तु अस्पतालमा यो महत्वपुर्ण स्वास्थ्य समाग्री भित्र्याउन सफल भएको हो। यस पहलले कपिलवस्तु जिल्ला अस्पतालको सेवामा ठुलो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। जसपा अध्यक्ष इरफान खानको तत्कालीन स्वास्थ्य मन्त्री प्रदिप यादव र पुर्व मन्त्री इस्तियाक राई सँगको विशेष समन्वयमा १ करोड बढीको सिएएमार मेसिन कपिलवस्तु अस्पतालमा ल्याउन सफल भएको जानकारी दिए। यस मेसिनको आगमनले कपिलवस्तुबासीहरुमा हर्ष छाएको छ। इरफान खानले भने, “कपिलवस्तु जिल्ला अस्पतालको बिकासका लागी हामी निरन्तर प्रयासरत छौ। यसलाई आधुनिक र सुसज्जित बनाउन हामीले ठोस कदम चालेका थियौं, र हामी सफल भएका छौं। कपिलवस्तु तौलिहवाबासी यस सराहनीय कार्यबाट खुशी भएका छन्।' जुन काम १५ वर्ष सांसद, अहिलेका सांसद मन्त्री भए र अहिले पनि मन्त्रीमा बसी गर्न नसकेको काम एउटा युवाले गरेर देखाइ दिएका छन्, गर्न चाहे भने कुनै काम असम्भव हुदैन तर भ्रष्ट राजनितिमा जनताका लागी सबै काम गार्हो हुन्छ स्थानियको भनाई रहेछ। यस मेसिनको आगमनले अस्पतालमा हाड जोर्ने सम्बन्धी विशेष सेवाहरु प्रदान गर्न महत्वपुर्ण सहयोग पुर्याएउने विश्वास गरिएको छ। आधुनिक यन्त्र उपकरणहरुको व्यवस्था भएपछि जिल्ला अस्पताल तौलिहवाले अझ उत्कृष्ट सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ। जसपा अध्यक्ष एवं युवा नेता इरफान खानले अस्पतालमा यो उपलब्धि हासिल गर्न सहयोग गर्ने सबै सरोकारवालाहरुलाई बिशेष धन्यवाद ज्ञापन गरका छन्।

### पोखरा विमानस्थल छानबिन र नागरिक उड्डयन प्रमुखको बर्खास्तीको माग

काठमाडौं। राष्ट्रिय एकता अभियानको आयोजनामा माईतिघर मण्डलामा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसम्बन्धी सत्यतथ्यको छानवीन र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको बर्खास्तीको माग गर्दै विशाल रैली सम्पन्न भएको छ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवको नेतृत्वमा सम्पन्न यस रैलीमा सयौंको संख्यामा नागरिक, विद्यार्थी, तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले सहभागिता जनाए। रैलीमा पोखरा विमानस्थल चीनको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई)को हिस्सा नभएको र विमानस्थल निर्माणमा प्राविधिक त्रुटीहरूलाई तुरुन्त समाधान गर्नुपर्ने माग गरियो।

प्रदर्शनकारीहरूले “पोखरा विमानस्थल बीआरआईको भाग होइन”, “प्राविधिक त्रुटीको समाधान गर, चीनको हस्तक्षेप रोक!” जस्ता नारा लगाउँदै विमानस्थलसँग सम्बन्धित विभिन्न मुद्दाहरूमा सरकारको ध्यानाकर्षण गराए।

उनीहरूले चिनियाँ राजदूतले माफी माग्नुपर्ने, नेपालमा चीनको भू-राजनीतिक खेल विरुद्ध एकजुट हुनुपर्ने, र पोखरा विमानस्थललाई ऋण जालबाट मुक्त गर्नुपर्ने मागहरू पनि अघि सारे।

रैलीमा सहभागीहरूले नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको तस्वीरलाई जलाउँदै उनको बर्खास्तीको माग गरे। उनीहरूले विमानस्थलको निर्माण प्रक्रियामा कुनै पनि प्रकारको भ्रष्टाचार वा अनियमितता भएको भए त्यसको सत्यतथ्य छानबिन गर्न माग राखे।

रैलीलाई सम्बोधन गर्दै यादवले सरकारलाई चीनको हस्तक्षेप रोक्न र राष्ट्रको स्वाधीनता तथा आत्मसम्मानको रक्षा गर्न आग्रह गरे। उनले विमानस्थलको प्राविधिक त्रुटीहरूलाई शीघ्र समाधान गर्न र यो विषयमा चिनियाँ पक्षको हस्तक्षेपलाई अन्त्य गर्न आग्रह गरे।

रैली शान्तिपूर्ण तरिकाले सम्पन्न भएको र सहभागीहरूले आफ्ना मागहरूलाई सरकारसमक्ष पुऱ्याउने प्रतिवद्धता जनाएका छन्।

# तस्वीरमा भारतका विदेश सचिव मिस्रीको नेपाल भ्रमण



भारका विदेश सचिव विक्रम मिस्रीलाई विमानस्थलमा स्वागत गर्दै परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्साल ।



भारत सरकारको अनुदान सहयोगमा निर्मित नेपाल भाषा परिषद्को भवन उद्घाटन गर्दै विदेश सचिव मिस्री ।



राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



प्रधानमन्त्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



गृहमन्त्री रमेश लेखकसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



परराष्ट्रमन्त्री डा.आरजु राणा देउवासँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



नेपालका परराष्ट्र सचिव सेवा लम्सालसँग शिष्टाचार भेटवार्ता गर्दै भारतका विदेश सचिव विक्रम मिस्री ।



नेपालको औपचारिक दुईदिने भ्रमण सम्पन्न गरी स्वदेश फर्कन विमानस्थलमा भारतका विदेश सचिव विक्रम मिस्री ।

सूर्तिजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अंगहरु), मुटुसम्बन्धी रोगहरु, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग लाग्न सक्दछ ।

त्यसैले सूर्तिजन्य पदार्थ सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं